नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार बिकास सहयोग एसडिसि




# सुरक्षित आप्रवासन परियोजना
## द्वितीय चरण (सन् २०१३ -२०१८)

सिकाइको श्रृंखला २०१९/३

HELVETAS
NEPAL

SaMi
Safer Migration Project

निर्दिष्ट उद्धरणः सुरक्षित आप्रवासन परियोजना (सामी) द्वितीय चरण (सन् २०१३ - २०१८) का सिकाईहरू ।
यस प्रकाशनका कुनैपनि सन्दर्भहरू गैर व्यवसायीक प्रयोजनका लागि प्रकाशकको उद्धरणसहित प्रयोग गर्न सकिनेछ ।

आवरण तस्विरः सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी दिने क्रममा जिल्ला प्रशासन कार्यालय रामेछापस्थित आप्रवासी स्रोत केन्द्रका परामर्शदाता ।
प्रकाशनमा प्रयोग भएका सम्पूर्ण तस्विरहरू परियोजना अर्न्तगतका कर्मचारीमार्फत संकलन गरिएका हुन् ।

# पृष्ठभूमि




वर्तमान परिवेशमा वैदेशिक रोजगारीका लागि हुने आप्रवासन विश्व कै चासोको विषय बनेको छ। आर्थिक वर्ष २०६४/६५ देखी २०७२/७३ को बीचमा वैदेशिक रोजगार विभागले ३५ लाख भन्दा बढी नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरेको छ । हाल वैदेशिक रोजगारबाट प्राप्त बिप्रेषणले नेपालको कुल ग्राईस्थ उत्पादनको करिव एक चौथाई भाग समेटेको छ । यसबाट स्वास्थ्य र शिक्षामा पहुँच बढेको छ । त्यस्तै गरिबी घट्नुका साथै जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । माथि उल्लेखित स्पष्ट लाभहरूका अतिरिक्त वैदेशिक रोजगारीको चक्र जस्तैः कामदार भर्ना, रोजगारीको अवस्था र स्वदेश फिर्तीका अवस्थामा कामदारहरूले जोखिम वहन गर्नुपरेको छ । यसमा कामदारले बढी रकम तिर्नुपर्ने, कामको सम्झौताका शर्तहरूमा छलछाम, न्यून तलब तथा सुविधा, पर्याप्त औषधि उपचारको व्यवस्था नहुनु, शोषण तथा बाध्यकारी श्रम गर्नुपर्ने बाध्यताहरू जस्ता प्रमुख जोखिमहरू रहेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरू, स्वदेशमा नै रहेका महिलाहरू र आप्रवासी कामदारका परिवारका सदस्यहरूमा ठूलो सामाजिक तथा आर्थिक दायित्वको बोझ रहेको छ भने उनीहरूमा सामाजिक आर्थिक दायित्व, उत्पीडन र चारित्रिक दाग लगाउने घटनाहरू पनि देखापरेका छन् । यस्तो चुनौतीपूर्ण अवस्थामा आप्रवासनमा जाने व्यक्तिहरूले जानकारीयूक्त निर्णय गर्न सक्ने अवस्थाको सुनिश्चितता गरि उनीहरू र उनका आश्रित परिवारहरूको एक बलियो सहायता प्रणालीमा पहुँच अभिवृद्धि गर्न नेपाल सरकारले अभियान शुरू गरेको छ ।

सुरक्षित आप्रवासनका सेवाहरूमा पहुँच अभिवृद्धि गर्न र यस सम्वन्धी सुशासन प्रणाली विकास गर्न संघीयताले अवसर प्रदान गरेको छ । नेपालको संविधान, २०७२ ले स्थानीय सरकारहरूलाई वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन, सीप तालिम, वित्तीय साक्षरता, सूचना केन्द्रको सञ्चालन र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई आर्थिक, सामाजिक पुनर्एकीकरणका कार्यक्रमहरू गर्ने जिम्मेवारी प्रदान गरेको छ । आप्रवासनसँग सम्बन्धित सेवाहरूको विकेन्द्रीकरणसँगै अबको मुख्य प्राथमिकता भनेको स्थानीय सरकारहरूलाई पर्याप्त रूपमा स्रोत साधनयुक्त बनाउनु हो । जसले गर्दा स्थानीय सरकारहरूले आप्रवासी र तिनका परिवारहरूलाई प्रभावकारी सहयोग गर्न सक्षम हुनेछन् ।

नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता अनुसार सन् २०११ देखि यो परियोजना सञ्चालनमा रहेको छ । पहिलो चरण अन्तर्गत हेल्भेटास नेपालले पाइलट परियोजनाको रूपमा कार्यान्वयन गरेको थियो । दोस्रो चरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र हेल्भेटास नेपालले जम्मा १९ जिल्लामा कार्यान्वयन गरेको थियो । हाल परियोजनाको तेस्रो चरण कार्यान्वयनमा रहेको छ । यस चरणमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरूको नेतृत्व तथा स्वामित्व रहेको छ । परियोजनाका लागि प्राविधिक सहयोग हेल्भेटास नेपालले उपलब्ध गराइरहेको छ । परियोजनाको प्रमुख उद्देश्य आप्रवासनको चक्रमा आप्रवासी कामदारहरूलाई भरपर्दो सूचनाको पहुँच प्रदान गरि उनीहरूलाई जानकारीमूलक निर्णय लिन सघाउनुका साथै सम्पूर्ण प्रक्रियामा सुरक्षा प्रदान गर्नु रहेको छ । यस परियोजनाको द्वित्तीय चरणको कार्यक्रम सन् २०१३ देखि २०१८सम्म १९ जिल्लाहरू र काठमाडौंमा सञ्चालन भएको थियो ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको वैदेशिक रोजगारको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनुका साथै यस प्रक्रियामा उचित निर्णय लिनसक्ने क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए । सञ्चालित कार्यक्रमहरूबाट महत्वपूर्ण सिकाईहरू प्राप्त भएका छन् । यी सिकाईहरूले वैदेशिक रोजगारी सम्वन्धी विद्यमान ऐन कानून, नीति र अभ्यासका बारेमा सबै तहलाई जानकारी प्रदान गर्न सहयोग गरेको छ । जसले देश भरिका स्थानीय सरकारहरूबाट वैदेशिक रोजगारीसँग सम्बन्धित सेवाहरू प्रभावकारी रूपमा प्रदान गर्न सहयोग पुग्नेछ ।

यसका साथै, यस कार्यक्रमबाट प्राप्त उपलब्धि तथा सिकाईहरू आप्रवास र विकास सम्बन्धी क्षेत्रीय तथा विश्वव्यापी संवादमा सान्दर्भिक हुनेछ ।



**श्री महेश प्रसाद दाहाल**
सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार

# संक्षेपमा

| | |
|---|---|
| CMC-Center for Mental Health and Counselling Nepal | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल |
| COD-Country of Destination | गन्तब्य मुलुक |
| DAO-District Administration Office | जिल्ला प्रशासन कार्यालय |
| DDC-District Development Committee | जिल्ला विकास समिति |
| DoFE-Department of Foreign Employment | वैदेशिक रोजगार विभाग |
| DoP-Department of Passport | राहदानी विभाग |
| FEA-Foreign Employment Act | वैदेशिक रोजगार ऐन |
| FEB-Foreign Employment Board | वैदेशिक रोजगार बोर्ड |
| FEIMS-Foreign Employment Information Management System | वैदेशिक रोजगार सूचना ब्यवस्थापन प्रणाली |
| FET-Foreign Employment Tribunal | वैदेशिक रोजगार न्यायाधिकरण |
| FER-Foreign Employment Regulation | वैदेशिक रोजगार नियमावली |
| GDP-Gross Domestic Product | कूल गार्हस्थ उत्पादन |
| MoFALD-Ministry of Federal and Local Development | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| MoLESS - Ministry of Labor Employment and Social Security | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| MRC - Migrant Resource Center | आप्रवासी स्रोत केन्द्र |
| NNSM-National Network for Safe Migration | सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल |
| PCU-Project Coordination Unit | परियोजना समन्वय इकाई |
| PMU-Project Management Unit | परियोजना व्यवस्थापन इकाई |
| PNCC-Praavasi Nepali Coordination Committee | प्रवासी नेपाली समन्वय समिति |
| PSC-Project Steering Committee | परियोजना निर्देशक समिति |
| RV-Returnee Volunteer | वैदेशिक रोजगारीबाट फर्किएर स्वयम्सेवकको रूपमा परिचालित व्यक्ति |
| SaMi-Safer Migration Project | सुरक्षित आप्रवासन परियोजना |
| SDC- Swiss Agency for Development and Coperation | स्वीस सरकार बिकास सहयोग |
| TIA - Tribhuvan International Airport | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल |

# विषयसूची


पृष्ठभूमि........ ३

संक्षेपमा ........ ५

विषयसूची........ ७

१ सुरक्षित आप्रवासन परियोजना (सामी)........ ९

२ परियोजनाको मुख्य कार्यक्रमहरु ........ १३

२.१ सुरक्षित आप्रवासन सम्वन्धी जानकारी तथा सचेतना अभिवृद्धि ........ १३

२.१.१ आप्रवासी स्रोत केन्द्रहरू (MRCs)........ १४

२.१.२ समुदायस्तरसम्मको पहुँचका लागि संयन्त्र ........ १६

२.१.३. मुख्य उपलब्धीहरू........ १८

२.१.४ मुख्य सिकाईहरू........ १९

२.२ प्रस्थान पूर्वको सीप तालिम ........ २२

२.२.१ मुख्य उपलब्धीहरू........ २२

२.२.२ मुख्य सिकाईहरू ........ २३

२.३ कानूनी सहायता र न्यायमा पहुँच ........ २५

२.३.१ मुख्य उपलब्धीहरू........ २८

२.३.२ मुख्य सिकाईहरू........ २९

२.४ मनोसामाजिक सहयोग ........ २९

२.४.१ मुख्य उपलब्धीहरू ........ ३१

२.४.२ मुख्य सिकाईहरू ........ ३२

२.५ वैदेशिक रोजगारीबाट फर्केका महिलाहरुलाई सुरक्षित आवास गृह (सेफ हाउस) ........ ३३

२.६ वित्तीय साक्षरता ........ ३३

२.६.१ मुख्य उपलब्धीहरू ........ ३४

२.६.२ मुख्य सिकाईहरू ........ ३७

२.७ नेपाल सरकारको कार्य प्रणालीलाई सवल बनाउन सहयोग गर्ने ........ ३७

२.७.१ मुख्य उपलब्धीहरू........ ३९


२.७.२ मुख्य सिकाईहरू ........ ३९

२.८ नीतिगत सम्वाद ........ ३९

२.८.१ मुख्य उपलब्धीहरू........ ४०

२.८.२ मुख्य सिकाईहरू........ ४०

३ आगामी कदम ........ ४२



उदयपुर जिल्ला स्थित आप्रवासी स्रोत केन्द्रका परामर्शदाताबाट
सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी लिने क्रममा राहदानी आवेदक

# १. सुरक्षित आप्रवासन परियोजना (सामी)

नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता अनुसार सन् २०११ देखि यो परियोजना सञ्चालनमा रहेको छ । पहिलो चरण अन्तर्गत हेल्भेटास नेपालले पाइलट परियोजनाको रूपमा कार्यान्वयन गरेको थियो । दोस्रो चरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र हेल्भेटास नेपालले जम्मा १९ जिल्लामा कार्यान्वयन गरेको थियो । हाल परियोजनाको तेस्रो चरण कार्यान्वयनमा रहेको छ । यस चरणमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरूको नेतृत्व तथा स्वामित्व रहेको छ । परियोजनाका लागि प्राविधिक सहयोग हेल्भेटास नेपालले उपलब्ध गराइरहेको छ ।

सामी परियोजनाको समग्र लक्ष्य वैदेशिक रोजगारीमा जाने महिला तथा पुरूषहरूको वैदेशिक रोजगारीको यात्रा सुरक्षित र उपलब्धिमुलक बनाउनु हो । श्रम स्वीकृति लिई प्रत्येक वर्ष करिव चार लाख नेपाली युवाहरू वैदेशिक रोजगारीमा गएको तथ्याङ्कले देखाउँछ । वैदेशिक रोजगारी नेपाली समाजलाई गतिशीलता प्रदान गर्ने एउटा मुख्य पाटो बनेको छ । तर यस अवस्थाले वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनका परिवारले मानवीय तथा सामाजिक मुल्य पनि चुकाउनु पर्ने परिस्थिति सिर्जना भएको छ ।

वैदेशिक रोजगार विभागले आर्थिक बर्ष २०६४।६५ देखि २०७२।७३सम्म ३५ लाख भन्दा बढी संख्यामा श्रम स्वीकृति प्रदान गरेको छ । २०७२ श्रावण देखि जेष्ठ २०७३ मा मात्र करिव चार लाख बीस हजार व्यक्तिलाई श्रम स्वीकृति प्रदान गरेको छ । जसमा महिलाको संख्या करिव २० हजार रहेको थियो ।





जिल्ला प्रशासन कार्यालयमा राहदानीका लागि आवेदन दिन आएका व्यक्तिहरू

### नेपाल र वैदेशिक रोजगार

- अनुमानित चालिस लाख नेपाली कामदारहरू वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ।
- आर्थिक वर्ष २०७२/७३ मा ४,१८,७१३ जनालाई श्रम स्वीकृति प्रदान गरिएको थियो भने त्यस मध्ये करिव २०,००० जना महिलाहरू थिए । एक दिनमा १,२०० देखि १,५०० जना नेपाली कामदारहरू वैदेशिक रोजगारीको लागि विदेशिने गरेका छन् ।
- प्रत्येक दुई परिवारमा एक परिवारले विप्रेषण प्राप्त गर्दछन् । आर्थिक वर्ष २०७२/७३ को तथ्याङ्क अनुसार कूल गार्हस्थ उत्पादनमा विप्रेषण योगदानको अनुपात करिव ३० प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७२/७३ को तथ्याङ्क अनुसार वैदेशिक रोजगारीका लागि मलेसिया, साउदी अरेविया, कतार र संयुक्त अरब ईमिरेट्स नेपाली कामदारहरूको मुख्य गन्तब्य हुन् । वैदेशिक रोजगारीका लागि धनुषा, झापा, महोत्तरी, मोरङ, सिरहा, सप्तरी, नवलपरासी बर्दघाट सुस्ता पूर्व र पश्चिम, सुनसरी, सर्लाही र रूपन्देहीबाट सबै भन्दा धेरै युवाहरू गएको पाइन्छ ।

माथिको तथ्याङ्कले के देखाउँछ भने प्रत्येक दिन लगभग १,२०० देखि १,५०० जना युवाहरू वैदेशिक रोजगारीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत बाहिरिने गर्दछन्, जसमध्ये धेरैजसोको प्रमुख गन्तव्य मलेसिया, साउदी अरेबिया, कतार र संयुक्त अरब ईमिरेट्स हुने गर्दछ ।[१] साथसाथै ऐतिहासिक र साँस्कृतिक सम्बन्ध र भिषा लगायत कागजात नचाहिने हुनाले अनौपचारिक रूपमा छिमेकी मित्रराष्ट्र भारत पनि धेरै नेपाली युवाहरूको गन्तव्य बनेको छ । श्रम स्वीकृति नलिई विदेश जानेहरूको लागि भारत प्रमुख ट्रान्जिट मार्गको रूपमा रहेको छ । यस्ता विविध कारणले गर्दा वैदेशिक रोजगारीमा जाने आप्रवासीहरूको भरपर्दो एकिन तथ्याङ्क, जानेमार्ग र प्रभाव सम्वन्धी एकिन तथ्याङ्क उपलब्ध छैन ।




श्रम स्वीकृति वितरणको अवस्था २००८/०९-२०१६/१७[२]

## सुरक्षित आप्रवासन परियोजना (सामी) दोस्रो चरण संक्षेपमा

- समय अवधि : १६ जुलाई २०१३ देखि १५ सेप्टेम्बर २०१८सम्म
- आर्थिक सहयोग : स्वीस सरकार बिकास सहयोग एसडिसि
- परियोजनाको लक्षित वर्ग : वैदेशिक रोजगारीमा जाने सम्भावित, वैदेशिक रोजगारीमा रहेका र फर्किएका कामदारहरू तथा तिनका परिवार
- परियोजना सञ्चालन भएका जिल्लाहरू: कैलाली, दाङ, नवलपरासी वर्दघाट सुस्ता पश्चिम, नवलपरासी वर्दघाट सुस्ता पूर्व, कास्की, धादिङ, नुवाकोट, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, खोटाङ, उदयपुर, झापा साथै काठमाडौं पनि परियोजनाको कार्यक्षेत्र थियो । कार्यक्रम लागू गर्ने निकाय: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र हेल्भेटास नेपाल
- कुल लागत: स्वीस फ्रान्क (CHF) १,३६,१६,००० (रू.१२,९०,२५,७०००) पाँच वर्षका लागि (सन् २०१३ -२०१८)

सुरक्षित आप्रवासन (सामी) परियोजनाले वैदेशिक रोजगारीको लागि हुने आप्रवासनलाई वास्तविकताको रूपमा लिएको छ । परियोजनाले वैदेशिक रोजगारीका लागि प्रोत्साहित वा निरूत्साहित गर्दैन । परियोजनाले सुरक्षित तथा उपलब्धिमुलक वैदेशिक रोजगारी सम्वन्धी सूचना, जानकारी प्रवाह गरि सुरक्षित आप्रवासनका लागि सहयोग गर्दछ । यसले वैदेशिक रोजगारीको यात्रामा आप्रवासीहरू तथा तिनका परिवारहरूको आवश्यकतालाई परिपूर्ति गर्न विभिन्न सहयोगी सेवाहरूको विकास गरेको छ । नेपाल सरकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूलाई कामदारको आवश्यकतामा आधारित कुशल र प्रभावकारी नीतिहरू तथा सम्बन्धित सेवाहरूको विकासका लागि यस परियोजना कार्यान्वयनबाट प्राप्त सिकाईहरूले सहयोग पुऱ्याउने छ ।

[१] वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति २०१५/२०१६ - २०१६/२०१७, २०१८
[२] वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति २०१५/२०१६ - २०१६/२०१७, २०१८

यस परियोजनाले शुरूवातसँगै आप्रवासी तथा उनीहरूको परिवारलाई सहयोग गर्न ठोस कार्यक्रमहरू विकास गरि लागू गरेको थियो । नेपाल सरकार, नागरिक समाज र निजिक्षेत्रसँगको सहकार्यमा सन् २०११ मा तीनवटा जिल्लाहरूबाट सुरूवात भएको परियोजना सन् २०१८सम्म आईपुग्दा १९ वटा जिल्लाहरू र काठमाडौंमा विस्तार भएको थियो । वैदेशिक रोजगारीको चक्रलाई सुरक्षित बनाउनका लागि परीक्षणको रूपमा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूबाट विगत सात वर्ष देखि निरन्तर रूपमा सिक्दै तथा अनुकुलन रणनीति अपनाउन परियोजनाले अवसर सिर्जना गरेको थियो । वैदेशिक रोजगार सम्वन्धी सुशासन कायम गर्न आवश्यक नीतिगत छलफलका लागि यस परियोजना कार्यान्वयनबाट प्राप्त सिकाईहरूले महत्वपूर्ण भूमिका खेल्न सहयोग गर्छ ।



अभिलेखवद्ध आप्रवासनबारे सूचना तथा जानकारी उपलब्ध गराउँदै आप्रवासी स्रोत केन्द्रका परामर्शदाता



वित्तीय साक्षरता कार्यक्रमका सहभागीहरू हाते पुस्तिका अध्ययन गर्दै

# २. परियोजनाको मुख्य कार्यक्रमहरु

नेपालबाट वैदेशिक रोजगारीको लागि हुने आप्रवासन विभिन्न जोखिमहरूले घेरिएको छ । सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने प्रशासनिक प्रक्रियाहरू, आवश्यक कागजातहरू र वैदेशिक रोजगारीबाट हुने फाइदा तथा बेफाईदाका बारेमा आवश्यक जानकारीहरूको अभाव हुँदा यसका जोखिमहरू झन् वृद्धि हुन्छन् ।

वैदेशिक रोजगारीसँग सम्बन्धित कामदारहरूलाई थप सुरक्षित गर्न तथा वैदेशिक रोजगारीबाट गरिवी न्यूनीकरण गर्ने कार्यमा सकारात्मक प्रभावलाई अभिवृद्धि गर्न परियोजनाले बल पुऱ्याइरहेको छ । परियोजनाका कार्यक्रमहरू फरक फरक तर एकअर्कामा सम्बन्धित र सहयोगी रहेका छन् ।

## २.१. सुरक्षित आप्रवासन सम्वन्धी जानकारी तथा सचेतना अभिवृद्धि

वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारका सदस्यहरूले वैदेशिक रोजगारीसँग सम्बन्धित जोखिम तथा फाइदाहरूका बारेमा विषयगत, सही र पर्याप्त सूचना प्राप्त गर्नु महत्वपूर्ण हुन्छ । यस्ता सूचना तथा जानकारीहरूले वैदेशिक रोजगारीमा जाने वा नजाने भन्ने निर्णय लिनका लागि सहयोग गर्छ । साथै यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्दै सुरक्षित आप्रवासन सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । यदि कोही व्यक्ति वैदेशिक रोजगारीमा जान चाहन्छ भने उसले वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न सूचनाहरू, प्रशासनिक प्रक्रियाहरू र अन्य आवश्यक प्रक्रियाहरूका बारेमा जानकारीहरू प्राप्त गर्नु आवश्यक हुन्छ ।

सामी परियोजनाले वैदेशिक रोजगारसँग सम्बन्धित जानकारी तथा सचेतनाको महत्वलाई आत्मसाथ गर्दछ । त्यसैले आम व्यक्तिहरूलाई सूचना तथा सचेतना प्रदान गर्न विभिन्न सञ्चारका माध्यमहरूलाई रणनैतिक रूपमा प्रयोग गर्दै एउटा पूर्ण प्रणालीको विकास गरेको छ ।





समुदायस्तरीय अभिमुखिकरण कार्यक्रम, कैलाली

## २.१.१ आप्रवासी स्रोत केन्द्रहरु (MRCs)

जिल्लास्तरमा रहेका आप्रवासी स्रोत केन्द्रहरू (सूचना तथा परामर्श केन्द्र) एउटा महत्वपूर्ण केन्द्र विन्दु हो । यस्ता केन्द्रहरू मार्फत परियोजनाका सबै कार्यक्रमहरू जस्तैः सामुदायिक सचेतना, आम सचेतना सम्वन्धी अभियान, सीपमूलक तालिम, कानूनी तथा पारालिगल सहयोग, मनोसामाजिक परामर्श र वित्तीय साक्षरताका कक्षाहरूका बारेमा वैदेशिक रोजगारमा जाने व्यक्ति तथा तिनका परिवारका सदस्यहरूलाई सूचना तथा जानकारी प्रदान गर्दछ ।

आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारीमा जानुपूर्व लिनुपर्ने सीप तालिमको उपादेयता र सरकारीस्तरबाट प्रदान गरिने अनिवार्य अभिमुखीकरणको महत्वको बारेमा जोड दिन्छ । त्यस्ता अभिमुखीकरणले वैदेशिक रोजगारीमा जाने युवाहरूले गन्तब्य मुलुकसँग सम्बन्धित महत्वपूर्ण जानकारीहरू, विद्यमान कानुन, धर्म, संस्कृति, रीतिरिवाज साथै केही समस्या परेमा कानूनी उपचारका लागि उपलब्ध सेवा तथा प्रक्रियाहरूको बारेमा जानकारी प्रदान गर्दछ ।

यस परियोजना अन्तर्गत १९ जिल्लाहरूमा २१ वटा आप्रवासी स्रोत केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेका छन् । यस्ता केन्द्रहरू जिल्ला प्रशासन कार्यालय तथा राहदानी वितरण गर्ने इलाका प्रशासन कार्यालय हाताभित्र वा नजिकै रहेका छन् । परियोजना लागू भएको जिल्लाहरूका जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरूले राहदानी बनाउन आउने सेवाग्राहीहरू आप्रवासी स्रोत केन्द्रमा गई सूचना तथा जानकारी प्राप्त गर्नुपर्ने अनिवार्य प्रावधान लागू गरेका छन् ।



आप्रवासी स्रोत केन्द्रका परामर्शदाताहरूले आप्रवासी स्रोत केन्द्रमा आउने सेवाग्राहीलाई विश्वासको वातावरण सिर्जना गरि सहज तथा खुल्ला वार्तालापको लागि आवश्यक पर्ने अवस्था सिर्जना गर्दछन् । यस्ता वार्तालापले वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रक्रियाहरू, सम्भाब्य गन्तब्य मुलुक, काम, लिनुपर्ने सही कदम, कामको लागि आवश्यक सीप तालिमको महत्व र असल अभ्यासहरू जस्तैः वैदेशिक रोजगारीसँग सम्बन्धित महत्वपूर्ण कागजपत्रहरू तथा सम्बन्धित कागजपत्रहरूको प्रतिलिपि वैदेशिक रोजगारीमा जानुपूर्व आफ्नो परिवारहरूमा छोड्नुको महत्व जस्ता अत्यावश्यक विषयहरू समेट्दछन् ।

आप्रवासी स्रोत केन्द्रले वैदेशिक रोजगारीका लागि सीप सिक्न चाहने युवाहरूलाई काठमाडौंस्थित सीप तालिम केन्द्रहरूमा सिफारिस गर्दछ । त्यसैगरि वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका व्यक्तिहरूलाई कानूनी तथा सम्बन्धित सेवा प्रदान गर्ने सरकारी तथा सहयोगी संस्थाहरू समक्ष सिफारिस गर्दछ । कुनै विशेष परिस्थितिवस आवश्यक कागजातहरू नभएका र ठगीमा सम्बन्धित व्यक्तिहरू एउटै जिल्ला वा नजिकै रहेको अवस्थामा आप्रवासी स्रोत केन्द्रले स्थानीय तहमा नै विवाद समाधानका लागि सहजिकरण गर्न सहयोग गर्दछ ।

आप्रवासी स्रोत केन्द्रमा आउने सेवाग्राही मध्ये कम्तिमा १०% व्यक्तिहरू समेटिने गरि उनीहरूको वैदेशिक रोजगारीको यात्राको अवस्था बारे जानकारी लिन फोन सम्पर्क मार्फत वार्तालाप गरिन्छ । यस अन्तर्गत सम्पर्क गरिएका व्यक्तिहरू वैदेशिक रोजगारीमा गए नगएको, हालको अवस्था, विदेशमा उनीहरूले गर्ने काम, कुन देश गएको वा जाने, आप्रवासी स्रोत केन्द्रले उपलब्ध गराएको जानकारीहरू उपलब्धिमूलक भए नभएको र उपयोग गरे नगरेको विषयमा जानकारी लिइन्छ ।

## आप्रवासी स्रोत केन्द्रमा आएका सेवाग्राहीहरु र सिफारिस सेवाहरुको विवरण

**(१६, जुलाई २०१३ देखि १५ जुलाई २०१८सम्म)**

आप्रवासी स्रोत केन्द्रमा आएका वैदेशिक रोजगारका सम्भावित व्यक्तिहरू तथा तिनका परिवार सदस्यहरू:

- ४,७५,८५१ जना (१७% महिला), १९ जिल्ला र काठमाडौं सहितलाई सूचना तथा जानकारी प्रदान गरिएको
- ८०७६ जना तालिम प्रशिक्षार्थी (२४% महिला), ले नि:शुल्क सीप तालिम प्राप्त गरेको
- १३,४४८ मुद्दाहरूको न्यायमा पहुँच
- २,९३० जनालाई मनोसामाजिक परामर्शको लागि सिफारिस र परामर्श
- ५,०७३ विप्रेषण प्राप्त गर्ने घरपरिवारलाई वित्तीय साक्षरता प्रदान (आप्रवासी स्रोत केन्द्रमा आएका कूल ४,७५,८५१ जना सम्भावित आप्रवासीहरू मध्ये १०% मा गरिएको फोन वार्तालापबाट प्राप्त विवरण)
- २२ % व्यक्तिहरू आप्रवासी स्रोत केन्द्रमा आएको ६ महिनाभित्र वैदेशिक रोजगारीमा गएको
- ७२ % आप्रवासीहरूले आप्रवासी स्रोत केन्द्रले प्रदान गरेको जानकारीको उपयोग गरेको । जस्तै सम्बन्धित कागजपत्रहरूको प्रतिलिपि घरमा छोडेको
- २२ % वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले प्रस्थान पूर्व वैदेशिक रोजगारीको लागत घटाउन सफल, फलस्वरूप कूल रू. ४,९१,१२,९०० बचत भएको

१३,४४८ जनाले कानूनी तथा सम्बन्धित सहायता प्राप्त गरेका मध्ये राष्ट्रिय र स्थानीय तहमा उजुरी परेका ६,२९९ वटा उजुरीहरूले विभिन्न संस्था जस्तै वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधीकरण, बीमा कम्पनीहरू तथा रोजगारदाता कम्पनी मार्फत कूल रू. ८१,३४,३१,०८२ आर्थिक क्षतिपूर्ति प्राप्त गरेका छन् ।

मनोसामाजिक परामर्श प्राप्त गर्ने २,९३० जना व्यक्ति मध्ये ६६% व्यक्तिहरूको स्वास्थ्य स्थितिमा सुधार आएको ।

सीप तालिम प्राप्त गर्ने कुल ८,०७६ तालिम प्राप्त स्नातक मध्ये ५८% सहभागीले रोजगारी प्राप्त गरेको र मासिक रू. २५,००० भन्दा बढी आम्दानी गरेको ।
कुल ५,०७३ व्यक्तिले वित्तीय साक्षरता कक्षा प्राप्त गरेका मध्ये ६४% सहभागिले आम्दानी र खर्चको विवरण राखेको, ५९% सहभागीले बचत वृद्धि गरेको र ३८% सहभागीले आय आर्जनको क्रियाकलापहरू अपनाएको ।

यसका साथै, परियोजना लागू भएको जिल्लाहरूका इलाका प्रशासन कार्यालयहरूमा ६ वटा आप्रवासी स्रोत उपकेन्द्र स्थापना गरिएका छन् । जिल्ला प्रशासन कार्यालय अन्तर्गत रही इलाका प्रशासन कार्यालयले नागरिकता वितरण गर्ने, राहदानीको आवेदन संकलन गर्ने तथा वितरण गर्ने काम गर्दछ । आप्रवासी स्रोत केन्द्रको तुलनामा यस्ता उपकेन्द्रहरूमा एक जना परामर्शकर्ता ब्यवस्था गरिएको हुन्छ जसले सम्बन्धित विषयमा सूचना, परामर्श प्रदान गरि वैदेशिक रोजगारसँग सम्बन्धित सञ्चार सामग्रीहरूको वितरण गर्दछन् । त्यसैगरि, वैदेशिक रोजगार सम्बन्धी समस्याहरू तथा सीप तालिमको लागि विस्तृत सूचना तथा जानकारी आवश्यक भएका सेवाग्राहीहरूलाई आप्रवासी स्रोत केन्द्रमा जानका लागि सिफारिस गर्दछन् ।

## २.१.२ समुदायस्तरसम्मको पहुँचका लागि संयन्त्र

समुदायस्तरमा रहेका तथा काठमाडौंमा वैदेशिक रोजगारका सिलसिलामा आएका युवाहरूका लागि परियोजनाले उनीहरूसम्म पुग्ने र सचेतना अभिवृद्धि गर्ने संयन्त्र स्थापना गरेको छ । स्थानीयस्तरमा उपलब्ध आमसञ्चारका माध्यमहरू जस्तैः रेडियो, टेलिभिजन र छापा माध्यमहरूको वृहत् प्रयोग गरि मुख्य सन्देशहरू सम्प्रेषण गरिएको थियो । यसका साथै विभिन्न प्रकारका सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू जस्तै : पोस्टर, पर्चा, भित्ते लेखन आदिको विकास, उत्पादन र वितरण गरिएको थियो । यी उत्पादनहरूलाई परियोजनाका विभिन्न कार्यक्रमहरूमा पनि प्रभावकारी ढंगले प्रस्तुत गरिएका थिए । स्थानीयस्तरमा सडक नाटकहरू निर्माण गरि स्थानीय भाषामा प्रस्तूत गरिएको थियो । वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई गीतका माध्यमबाट प्रस्तुत गर्न लोकगीत गायक (गन्धर्व)हरू परिचालन गरिएको थियो । वैदेशिक रोजगारीसँग सम्बन्धित वृत्तचित्र अन्य श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शनी आयोजना गरिएका थिए । विभिन्न प्रकारका सूचना, शिक्षा तथा सञ्चार सामग्री र सञ्चार माध्यमको प्रयोग भन्दा बाहेक पनि सार्वजनिक समारोह, जात्रा, हाटबजार, विद्यालय तथा सामुदायिकस्तरका नागरिक मञ्चहरूमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी विषयमा विभिन्न कार्यक्रमहरू गर्नुका साथै अभिमुखीकरण गरिएको थियो ।

### वैदेशिक रोजगारीबाट फर्किएका (रिटर्नी) व्यक्ति स्वयम्सेवकको रुपमा परिचालित

रिटर्नी स्वयम्सेवकहरूले वैदेशिक रोजगारीको क्रममा प्राप्त गरेको अनुभव तथा वर्तमान ब्यवस्थाहरूको आधारमा समुदायस्तरमा वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरूलाई सूचना तथा परामर्श गर्दा प्रभावकारी हुने भएकोले रिटर्नी स्वयम्सेवकहरू परिचालन गरिएको हो । यी स्वयम्सेवकहरूले आफूले समुदायस्तरमा सूचना तथा परामर्श प्रदान गर्नुका साथै थप सूचना तथा परामर्शका लागि आप्रवासी स्रोत केन्द्रहरूमा जानको लागि सिफारिस समेत गर्दछन् । घरदैलोसम्म सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना तथा जानकारी प्रवाह गर्ने अगुवा व्यक्तिका रूपमा स्वयम्सेवकहरूले कार्य गर्दछन् । परियोजनाको दोस्रो चरणमा कूल २८० जना स्वयम्सेवकहरू परिचालन गरिएका थिए ।

### सामाजिक परिचालक

सामाजिक परिचालकले गाउँ गाउँमा गई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी विषयहरूमा प्रस्तूति तथा छलफल गर्ने कार्य गरेका थिए । उनीहरूले समग्र समूदाय तथा विशेष समुहहरू जस्तै महिला, युवा, वैदेशिक रोजगारीबाट फर्किएका र वैदेशिक रोजगारीमा जाने सम्भावना भएका व्यक्तिहरूका लागि सामुदायिक अभिमुखीकरण कार्यक्रममार्फत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी उपलब्ध गराएका थिए ।

### रेडियो कार्यक्रमहरु

वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरूलाई आधारभूत जानकारी प्रदान गर्न र आप्रवासी स्रोत केन्द्र मार्फत प्राप्त गर्न सकिने सूचना र सेवाहरूका बारेमा जानकारी प्रदान गर्न रेडियो कार्यक्रमहरू सञ्चालन गरिएका थिए । उज्यालो मल्टिमिडिया प्रा.लि. को साझेदारी र सहयोगमा रेडियो नाटक, सार्वजनिक महत्वको सूचना र रेडियो पत्रिका जस्ता सञ्चार सामग्री निर्माण तथा प्रशारण गरिएको थियो । स्थानीयस्तरका एफ्.एम. स्टेशनहरू मार्फत उल्लेखित कार्यक्रमहरू प्रशारण भएका थिए ।

### विद्यालय कार्यक्रमहरु

सुरक्षित वैदेशिक रोजगारीका विषयहरूमा छलफल गर्ने मञ्चका रूपमा १३ देखि १६ वर्ष उमेर समूहका विद्यार्थीहरू रहने कक्षा ८, ९, १० र ११का विद्यार्थीहरूलाई लक्षित गरि कार्यक्रम सञ्चालन गरिएको थियो । विद्यालय शिक्षा सकिएपछि प्रायः विद्यार्थीहरूले वैदेशिक रोजगारीलाई जीविकोपार्जनको एउटा विकल्पको रूपमा लिने गरेको हुँदा सुरक्षित वैदेशिक रोजगारीको बारेमा उनीहरूसँग छलफल गर्नु सान्दर्भिक हुन्छ । विद्यार्थीहरू सूचनाका संवाहक पनि हुन् । किनकि आफूले सुनेका र सिकेका कुराहरू उनीहरूले आफ्नो घर, साथीभाई तथा वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरू समक्ष पुर्‍याउन सक्छन् ।



सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखिकरणमा सहभागी हुँदै परवानीपूरका विद्यार्थीहरू

## काठमाडौंमा

### राहदानी विभागमा आप्रवासी स्रोत केन्द्र

काठमाडौंस्थित राहदानी विभागमा दैनिक करिव ९०० देखि ११०० व्यक्तिहरू राहदानी बनाउन आउँछन् । त्यसैले त्यस्ता व्यक्तिहरूलाई लक्षित गरि परियोजनाले राहदानी विभागमा आप्रवासी स्रोत केन्द्रको स्थापना गरि सेवा प्रदान गरिरहेको छ ।

### बिमानस्थल परिसरमा सूचना कक्ष

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको मुख्य प्रवेश विन्दु हो । त्यसैले परियोजनाले सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक सूचना प्रवाह गर्न सूचना कक्षको स्थापना गरेको थियो । यो सूचना कक्षले आप्रवासी स्रोत केन्द्रले जस्तो विस्तृत सेवा प्रदान गर्नुको सट्टा उक्त कक्षामा आउने व्यक्तिहरू वैदेशिक रोजगारीको यात्राको अन्तिम चरणमा रहने हुँदा उक्त अवस्थामा अत्यावश्यक र महत्वपूर्ण जानकारीहरू मात्र प्रदान गर्ने काम गरेको थियो । उक्त कक्षले वैदेशिक रोजगारबाट समस्यामा परि फर्किएका र तिनका परिवारका सदस्यहरूलाई तत्काल आवश्यक पर्ने सुरक्षाका लागि सुरक्षित आवास गृहमा आवास र आवश्यक सहयोगका लागि सिफारिस गर्नुका साथै कानूनी उपचारका लागि परियोजनाको कानूनी सहायता प्रदान गर्ने साझेदार संस्थामा जान सिफारिस गर्ने काम गरेको थियो ।

### त्रिभुवन विमानस्थल परिसरमा सूचना कक्ष

(१६ जुलाई २०१३ देखि ३१ डिसेम्बर २०१६)[3] सम्म

- ११,२१५ जना महिला सहित कूल ११३,८३२ जनालाई प्रत्यक्ष रूपमा वैदेशिक रोजगारीका बारेमा सूचना प्रवाह गरिएको ।
- वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका ६६९ जनाको परिवारका सदस्यहरूलाई सहायता प्रदान गरिएको ।
- १४१ जना महिला सहित कुल १,११८ जनालाई श्रम स्वीकृति नवीकरणको प्रक्रिया बारेमा सूचित गरिएको ।

[3]त्रि.अ.वि.मा रहेको वैदेशिक रोजगार सम्बन्धी सूचना कक्षको अध्ययन प्रतिवेदन सन् २०१७

- वैदेशिक रोजगारीको क्रममा समस्या परि फर्किएका ३७३ जना महिलाहरूलाई सुरक्षित आवास गृहमा आवास तथा आवश्यक सहयोगका लागि सिफारिस गरिएको ।
- वैदेशिक रोजगारीको क्रममा ठगी वा शोषणमा परेका ८२ जना पुरूषहरूलाई कानूनी सहायताका लागि सिफारिस गरिएको ।
- ३०३ महिला सहित २,०३७ जनालाई वैदेशिक रोजगारीमा प्रस्थानको अन्तिम समयमा महत्वपूर्ण कागजातहरू जस्तैः सम्झौता पत्र, राहदानी, श्रम स्वीकृति आदिको प्रतिलिपि सुविधा प्रदान गरिएको ।

### २.१.३. मुख्य उपलब्धीहरू

परियोजनाले सेवाग्राहीहरूलाई प्रदान गरेको सूचना र जानकारीले गर्दा वैदेशिक रोजगारी सुरक्षित र उपलब्धीमूलक हुने रहेछ भन्ने कुरा सेवाग्राहीहरूले महसुस गरेको कुरा प्रमाणित भएको छ । आम सञ्चारको प्रयोग साथै विभिन्न कार्यक्रमहरू मार्फत समुदायस्तरमा सञ्चालन भएका कार्यक्रमहरूले संभावित आप्रवासी कामदारहरू, तिनका परिवारहरूसम्म प्रभावकारी रूपमा सूचना पुर्‍याउन सफल भएको छ । यसले गर्दा सम्भावित कामदारहरू र तिनका परिवारका सदस्यहरूलाई आप्रवासी स्रोत केन्द्रमा सूचना तथा परामर्शका लागि जान प्रेरित गरेको छ । यसरी आप्रवासी केन्द्रमा आउने वैदेशिक रोजगारीका सम्भावित व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरूले आप्रवासी स्रोत केन्द्रबाट प्राप्त गरेको सूचना तथा सेवाहरूको उपयोग गरेका थिए ।

**सूचना र सचेतना कार्यक्रमका प्रमुख उपलब्धीहरु**

**(जुलाई २०१३ देखि जुलाई २०१८ सम्म)[४]**

- कुल ४७५,८५१ (१७ प्रतिशत महिला) व्यक्तिहरूले सूचना तथा जानकारी प्राप्त गरेको ।
- समुदाय लक्षित कार्यक्रमहरू मार्फत १६९,५०० (५३ प्रतिशत महिला) लाई सूचना तथा जानकारी प्रदान गरेको ।
- आप्रवासी स्रोत केन्द्रमा आएका सेवाग्राहीहरूमध्ये १० प्रतिशत लाई ६ महिना पछि फोन मार्फत संवाद गर्दा उनीहरू मध्ये २२ प्रतिशत व्यक्तिहरूले रोजगार ब्यवसायिहरूसँग मोलमोलाई/सौदावाजी गरि वैदेशिक रोजगारीको लागत घटाउन सफल भएका थिए । यस प्रक्रियाबाट कूल रू. ४,९१,१२,९०० रकम बचत भएको ।



आप्रवासी स्रोत केन्द्रमा सञ्चालित परामर्शको झलक

[४]सामी परियोजना प्रगति प्रतिवेदनहरू

## जागिर होईन, अभियान

मेरो नाम राम कुमार श्रेष्ठ हो । म ३३ वर्षको भएँ । मेरो घर खोटाङ जिल्लाको खल्लेमा पर्दछ । मैले गाँउको विद्यालयमा कक्षा आठसम्मको अध्ययन सकेर थप पढाई अगाडि बढाउनका लागि सदरमुकाम दिक्तेल बजार गएँ । सदरमुकाम बसाईको पढाईमा राम्रो गर्न नसकि गाउँ फर्कदा गाउँमा वैदेशिक रोजगारमा जाने लहर व्याप्त थियो । त्यही क्रममा मैले पनि सन् २००० मा वैदेशिक रोजगार व्यवसायीलाई रू. ६५,००० बुझाएर मलेसिया प्रस्थान गरेको थिएँ । यहाँवाट जानु अगाडि भनिएको रकमभन्दा निकै कम तलव पाएतापनि तनावको स्थिति सामना गर्दै भएपनि पाँच वर्षसम्म रोजगारी गरि दुई वर्ष अघि म नेपाल फर्कें । हाल विगत १० महिनादेखि सामी परियोजनाको लागि रिटर्नी स्वयम्सेवकका रूपमा काम गरिरहेको छु ।

केही मानिसहरूले हामीलाई पैसाका लागि काम गरेका भनेर दोषारोपण गरि नकारात्मक रूपले हेरेता पनि रिटर्नी स्वयम्सेवकका रूपमा काम गर्नु चुनौतिका साथसाथै सम्मानजनक अवस्था पनि हो । वैदेशिक रोजगार र यससँग सम्बन्धित सम्भावित फाईदा तथा चुनौतिहरू बारे मानिसहरूलाई सचेत बनाएर सम्भावित जोखिम तथा बाधाहरूवाट सुरक्षित बनाउन सक्दा आफैंमा सम्मानजक बोध हुन्छ । पहाडी जिल्ला, बाटोघाटोका साथै यातायातको कठिनाईले गर्दा मेरो वासस्थान खल्ले चार बाट सबै कार्यक्षेत्रमा पुग्नका लागि यात्रा गर्न सहज छैन । सामान्यतया मैले प्रतिदिन १०, ११ घरहरूमा भेटघाट गर्दछु । हालसम्म मैले मेरो कार्यक्षेत्रमा रहेका कुल २२४ घरधुरीको ९० प्रतिशत घरहरूमा भेटघाट गरिसकेको छु । म यो कार्यका लागि आंशिक समयका लागि खटाईएको भएतापनि मैले पूर्णकालिन जस्तै काम गरेको छु । म घरदैलो कार्यक्रम मार्फत वैदेशिक रोजगारीका जोखिम र फाईदाका जानकारी गराउनका साथै सचेतना बढाउनका लागि सक्रिय रूपमा लागिपरिरहेको छु । वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरूलाई मैले जिल्ला सदरमुकाममा रहेको आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरि पठाउने गरेको छु । मलाई गाउँमा हुने विभिन्न बैठक तथा छलफलहरूमा समेत बोलाउनु हुन्छ र वैदेशिक रोजगारका सम्वन्धमा सूचनामूलक धारणाहरू राख्ने अवसर प्रदान गर्नुहुन्छ । यस्ता अवसरहरूमा मैले मेरा आफ्ना भोगाईहरूका अतिरिक्त विविध सूचनामूलक जानकारीहरू समेत आदानप्रदान गर्ने गर्दछु ।

विगत दश महिनाको रिटर्नी स्वयम्सेवकको रूपमा काम गर्दाको समयमा मैले ११ जना वैदेशिक रोजगारका सम्भावित व्यक्तिहरूलाई जिल्लास्थित आप्रवासी स्रोत केन्द्रमा सिफारिश गरि पठाएको छु । जसमध्ये पाँचजना वैदेशिक रोजगारका लागि जानुभयो भने चार जना वैदेशिक रोजगारमा जानुपूर्व प्रदान गरिने सीप तालिमका लागि भर्ना हुनुभएको छ । मेरो कार्यक्षेत्रभित्रका ८४ परिवारले वैदेशिक रोजगारमा हुनुभएको आफ्नो परिवारको सदस्यको पासपोर्ट र सम्झौतापत्र लगायतका महत्वपूर्ण कागजातहरू मगाएर राख्नुभएको छ ।

मेरो लागि यो कार्य जागिर नभएर एउटा अभियानको अवसर बनेको छ । जुन अभियान मार्फत म मेरो समुदायमा रहनुभएका वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरूलाई उपर्युक्त सूचना प्रदान गरि सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको अनुभव स्थापित गराउन तल्लिन छु ।

## २.१.४ मुख्य सिकाईहरु

### वैदेशिक रोजगार सम्बन्धी समस्या समाधान गर्ने एउटा मञ्चको रुपमा आप्रवासी स्रोत केन्द्रले आफ्नो पहिचान बनाउनु

परियोजना अन्तर्गत स्थापना गरिएका आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू, वैदेशिक रोजगारीका क्रममा ठगीमा पर्ने सम्भावित व्यक्तिहरू जस्तै वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार, तिनका परिवारहरू र स्थानीय एजेन्टहरूको हितको लागि काम गर्दछ भन्ने पहिचान बनाएको छ ।

आप्रवासी स्रोत केन्द्रले गर्ने प्रत्येक प्रक्रियामा पारदर्शिता अपनाउँछ भन्ने विश्वास सिर्जना गरेको छ । स्थानीय सरकार तथा निर्वाचित जनप्रतिनिधिहरूले सूचना केन्द्रमा सेवा लिनको लागि सिफारिस गर्ने परिपाटीले आप्रवासी स्रोत केन्द्रका सेवाहरूलाई वैधता प्रदान गरेको छ । आप्रवासी स्रोत केन्द्रबाट सेवा प्राप्त गरेका व्यक्तिहरूले पनि सेवा संवाहकको भूमिका निर्वाह गरिरहेका छन् ।

## एकीकृत प्रयासको आवश्यकता

आप्रवासी स्रोत केन्द्रको सेवा प्रभावकारी तथा सफल हुनुमा वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, रिटर्नी स्वयम्सेवक, सामाजिक परिचालक, वैदेशिक रोजगारीका लागि आवश्यक सीप तालिम र न्यायमा पहुँचको लागि सहयोग गर्ने जस्ता कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन हुनु हो । सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र एक्लैको मात्र प्रयास पर्याप्त हुँदैन । यसको लागि समग्र प्रयासहरू सहित एकिकृत सेवाको उपलब्धता आवश्यक पर्दछ ।

## स्थानीय सरकारहरुबीच समन्वयको आवश्यकता

संघीयता लागू भएसँगै स्थानीय सरकारलाई वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, तथ्याङ्क सङ्कलन, सीप र वित्तीय साक्षरता जस्ता विषयहरूमा प्रमुख जिम्मेवारी दिइएको छ । यी जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा वहन गर्नका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरूसँग सहकार्य र समन्वय हुनु आवश्यक छ । कार्यक्रमहरूको मापदण्ड तथा गुणस्तरीयता, सघनता र आर्थिक साझेदारी गर्नका लागि पनि स्थानीय सरकारहरूबीच सहकार्य हुनु जरूरी हुन्छ ।

## वैदेशिक रोजगारीमा जाने सम्भावित महिलाहरु केन्द्रित क्रियाकलापहरु तथा सन्देशहरुको आवश्यकता

वैदेशिक रोजगारीमा जाने निश्चय गरेका महिलाहरू पुरूष कामदारको तुलनामा धेरै प्रकारका जोखिमहरूबाट घेरिएका हुन्छन् । उनीहरूको आवश्यकता पनि फरक हुन्छन् । आम वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि लक्षित गरि विकास गरिएका क्रियाकलापहरूले महिलाका आवश्यकतालाई पूर्णरूपमा सम्बोधन गर्दैनन् । त्यसैले महिलाका आवश्यकताहरू र जोखिमहरूलाई ध्यानमा राखी क्रियाकलापहरू विकास गर्नुका साथै सूचनाहरू प्रवाह गर्नुपर्दछ । महिलाले महिलासँग खुलेर आफ्नो कुराहरू राख्न सहज महसुस गर्ने यथार्थलाई ध्यानमा राखी सामी परियोजनाले आप्रवासी स्रोत केन्द्रहरूमा महिला परामर्शकर्ताहरूको ब्यवस्था गरेको छ ।

## आप्रवासी स्रोत केन्द्रहरुलाई अद्यावधिक सूचनाको उपलब्धता र निरन्तर सहयोगको आवश्यकता

वैदेशिक रोजगारीसँग सम्बन्धित विषयहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूले गर्दा निरन्तर परिवर्तन भईरहन्छन् । त्यसैले आप्रवासी स्रोत केन्द्रहरूलाई परिवर्तित सन्दर्भ अनुसारका जानकारीहरू नियमित रूपमा उपलब्ध गराउनु पर्दछ । जसले गर्दा आप्रवासी स्रोत केन्द्र मार्फत प्रवाह हुने सूचना तथा जानकारीहरू अद्यावधिक, सान्दर्भिक र तथ्यपरक हुन्छन् । हाल आप्रवासी स्रोत केन्द्रहरूले परियोजना अन्तर्गतका राष्ट्रिय साझेदार संस्थाहरू मार्फत सूचना तथा जानकारीहरू र सहयोग पाइरहेका छन् । यसलाई थप नियमित र निरन्तरता प्रदान गर्नका लागि एकद्वार प्रणालीको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । एकद्वार प्रणाली मार्फत सूचना तथा सहयोग प्रदान गर्न राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको स्थापनाले केन्द्रिकृत भूमिका निर्वाह गर्न सक्दछ ।

## आप्रवासी स्रोत केन्द्रको सञ्चालनमा स्थानीय सेवा प्रदायक संस्थाको परिचालन बढी प्रभावकारी हुने

सरकारीस्तर र स्थानीय सेवा प्रदायक संस्था मार्फत छुट्टाछुट्टै आप्रवासी स्रोत केन्द्रहरू सञ्चालन गरिएका थिए । यसरी सञ्चालन भएका आप्रवासी स्रोत केन्द्रहरू स्थानीय सेवा प्रदायक संस्था मार्फत तोकिएको कार्यक्रममा केन्द्रिकृत भई कार्यान्वयन हुँदा सेवा प्रदायक संस्थाले आफ्नो दक्षता प्रयोग गर्न, लचिलो हुन र परिवर्तनलाई छिटो अंगिकार गर्न सकेको कुरा आप्रवासी स्रोत केन्द्रहरूको अनुभव तथा प्राप्त प्रमाणहरूले पुष्टि गर्दछ ।

## आप्रवासी स्रोत केन्द्रहरुको दिगोपनका लागि स्थानीय सरकारहरुले यसलाई आफ्नो कार्यक्रमको रुपमा स्विकार्नु आवश्यक

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, तथ्याङ्क सङ्कलन, सीप, वित्तीय साक्षरता र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सामाजिक पुनर्एकिकरण र उनीहरूको सीप तथा दक्षताको उपयोग गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गर्न प्रमुख जिम्मेवारी दिएको छ । त्यसैले आप्रवासी स्रोत केन्द्रहरूको सञ्चालन स्थानीय सरकारको जिम्मेवारीभित्र पर्दछ । स्थानीय सरकारको प्रशासनिक प्रक्रिया र सेवामा आप्रवासी स्रोत केन्द्र पनि जोडिनु महत्वपुर्ण हुन्छ ।

## आप्रवासी स्रोत केन्द्रको भौतिक अवस्थिति र परामर्शको लागि उपर्युक्त वातावरण हुनु आवश्यक

आप्रवासी स्रोत केन्द्र रहेको स्थान र परामर्शको लागि आवश्यक वातावरणले परामर्शको प्रभावकारितालाई फरक पार्दछ । त्यसैले वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरूसँगको सिधा पहुँच सुनिश्चित गर्नका लागि रणनीतिक रूपमा नै आप्रवासी स्रोत केन्द्रको स्थापना जिल्ला प्रशासन कार्यालयको परिसर वा नजिकै गर्नुपर्दछ । आप्रवासी स्रोत केन्द्रमा परामर्श गर्दा मैत्रीपूर्ण

ब्यवहार, आत्मीय तथा सहज वातावरण हुनु आवश्यक छ । जसले गर्दा सेवाग्राहीले परामर्शकर्ता समक्ष आफ्नो मनका कुराहरू सहजरूपमा राख्न वा सोध्न सक्नेछन् र अन्य आवश्यक जानकारी माग्न, स्पष्ट हुन र ग्रहण गर्न सहज महशुस गर्नेछन् ।

### स्थानीय भाषाको प्रयोगले फरक पार्दछ

सुरक्षित वैदेशिक रोजगारीको लागि स्थानीय भाषा र स्थानीय उदाहरणहरू प्रयोग गरि सूचना तथा परामर्श प्रदान गर्दा बढी प्रभावकारी हुन्छ । त्यसैले परामर्शकर्ताहरूले परामर्श गर्दा स्थानीय भाषा तथा स्थानीयस्तरका उपर्यूक्त उदाहरणहरूको प्रयोग गर्नुपर्दछ ।



सुरक्षित आप्रवासन सम्बन्धी जानकारी प्राप्त गर्ने क्रममा आफ्नो विवरण पेश गर्दै सम्भावित आप्रवासी कामदार, धनुषा



तालिम लिने क्रममा काठमाडौं स्थित तालिम केन्द्रमा सम्भावित आप्रवासी कामदार

## २.२ प्रस्थान पूर्वको सीप तालिम

वैदेशिक रोजगार विभागको आर्थिक बर्ष २०७०।७१ को तथ्याङ्क अनुसार ७५ प्रतिशत व्यक्तिहरू अदक्ष रूपमा वैदेशिक रोजगारीमा गएका छन् । व्यावसायिक सीप तथा व्यक्तिगत र कार्यस्थल सम्बन्धी ज्ञानको कमीले गर्दा न्यूनतम ज्याला तथा जोखिमपूर्ण कार्यमा नेपाली युवाहरूले काम गर्नुपर्ने स्थिति रहेको छ । यस्तो अवस्थालाई सम्वोधन गर्न वैदेशिक रोजगार विभागले अनिवार्य गरेको तीन दिने अभिमुखीकरण तालिमका अतिरिक्त परियोजनाले वैदेशिक रोजगारीमा जाने सम्भावित युवाहरूलाई लक्षित गरि विभिन्न विषयमा निःशुल्क व्यवसायिक सीपमूलक तालिम उपलब्ध गराएको छ । यसरी प्रदान गर्ने सीपमूलक तालिमहरूमा गार्मेन्ट मेशिन अपरेटर, मेसन, सटरिङ कार्पेन्ट्री, प्लम्बिङ्ग, ईन्डस्ट्रियल इलेक्ट्रिसियन र स्क्याफोल्डिङ्ग गरि जम्मा ६ वटा विषयहरू समावेश गरिएका थिए । यो तालिमको अवधि एक महिनाको थियो । उल्लिखित विषयमा तालिम प्रदान गर्नको लागि परियोजनाले खाडीमुलुक तथा देश भित्रका विषय विज्ञहरूको सहयोगमा गन्तब्य मुलुकका रोजगारदाताहरूको आवश्यकतालाई ध्यानमा राखी पाठ्यक्रम निर्माण गरेको थियो । वैदेशिक रोजगारमा जाने युवाहरूलाई गन्तब्य मुलुकको वातावरणमा अनुकूलन हुन सहयोग पुऱ्याउन सबै विषयको पाठ्यक्रममा स्वास्थ्य सम्वन्धी तथा जीवन उपयोगी सीपहरूको विषय समावेश गरिएका थिए ।

गन्तव्य मुलुकका रोजगारदाताहरूको आवश्यकता अनुसार नेपालमा प्रदान गरिएको सीप प्रमाणिकरणलाई गन्तब्य मुलुकमा मान्यता प्राप्त गराउनु सीप तालिम कार्यक्रमको मुख्य चुनौती रहेको छ । परियोजनाले प्रदान गर्ने तालिमबाट अधिकतम फाइदा लिनको लागि सीप तालिम गन्तब्य मुलुकको आवश्यकता अनुसार हुनुपर्छ र ती तालिमहरूले स्वदेश तथा विदेशमा मान्यता प्राप्त हुने गरि प्रमाणिकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा महिलाहरूको सुरक्षित पहुँचका लागि परियोजनाले तुलनात्मक रूपमा सुरक्षित मानिएका देश तथा कार्यक्षेत्रहरूमा रोजगारीका लागि प्रवर्द्धन गर्ने रणनीति अपनाएको छ । जसले वैदेशिक रोजगारीको प्रक्रियामा कुनैपनि खर्च समावेश नहोस् भन्ने कुराको सुनिश्चितता गर्दछ । सामी परियोजना अन्तर्गत १९४३ जना महिलाहरूले गार्मेन्ट मेशिन अपरेटरको तालिम प्राप्त गरेका थिए जसमध्ये १८४७ जना महिलाले जोर्डनमा रोजगारीको अवसर प्राप्त गरेका थिए ।

### सीप सिकाइको परिणाम : वैदेशिक रोजगारीमा राम्रो दाम

"अतिरिक्त काम सहित गरि २,४०० दिराम कमाउँछु, मलाई यहाँ साह्रै राम्रो लागेको छ," खोटाङ्गका सरोज कोईरालाले खुसी हुँदै आप्रवासी स्रोत केन्द्रमा टेलिफोन गरि सुनाए । हाल उनी दुवईमा सहायक इलेक्ट्रिसियनका रूपमा कार्यरत छन् । कोइराला सुरक्षित आप्रवासन परियोजना (सामी) ले प्रदान गरेको १ महिने इलेक्ट्रिसियनको तालिम पश्चात् अप्रिल २०१६ मा दुवई गएका हुन् । उनले सबैभन्दा पहिले रेडियोबाट परियोजनाका बारेमा सुनेका थिए । विदेश जानका लागि राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय गएको समयमा उनले आप्रवासी स्रोत केन्द्रमा वैदेशिक रोजगारीका लागि सुरक्षित प्रक्रियाका बारेमा राम्ररी बुझ्न पाए र उनले तालिम प्राप्त गरेपछि मात्रै वैदेशिक रोजगारीमा जाने निर्णय गरे ।

तालिम सकिने वित्तिकै सरोजले १,२०० दिरामको काम पाए र थप ३०० दिराम खानाका लागि भत्ता पाउन थाले । दुवई गएको दुई महिनाभित्र नै उनले म्यानपावर कम्पनीलाई बुझाउनका लागि सापटी लिएको २,१९५/- दिराम ऋण तिर्न सफल भए । सरोजले प्रत्येक महिना रकम घर पठाउँछन् र केही बाँकी रकम आफ्ना लागि राख्दछन् । उनले अझै आफ्नो काममा धेरै कुरा सिक्न बाँकी भएको बताउँछन् । उनले कार्य अनुभव र पैसा लिएर फर्किई भविष्यमा आफ्नै व्यवसाय शुरू गर्ने योजना समेत रहेको बताए ।

### २.२.१ मुख्य उपलब्धीहरू

सामी परियोजनाको अनुभवमा परियोजना मार्फत सीप तालिम प्राप्त गरि वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूले गन्तब्य मुलुकमा रोजगारीको राम्रो अवसर प्राप्त गरेका छन् । उनीहरूको पदोन्नती र तलबवृद्धि हुने अवसर बढेको छ । आफूले काम गर्ने विषयको विषयगत ज्ञान हुँदा कार्यस्थलमा हुने सुरक्षाको स्तर बढेको छ । साथै, वैदेशिक रोजगारीबाट नेपाल फर्किएर आफूले आर्जन गरेको ज्ञान सीपमा आधारित भई साना उद्यम तथा व्यवसाय शुरू गर्न पनि प्रेरित गरेको छ । यस परियोजना अन्तर्गत कूल ८,०७६ जना वैदेशिक रोजगारीमा जाने सम्भावित युवाहरूले तालिम प्राप्त गरेका मध्ये २४ प्रतिशत महिला थिए। कुल तालिम प्राप्त ८,०७६ जना सम्भावित कामदार मध्ये ५८ प्रतिशतले रोजगारी प्राप्त गरे, रोजगारी प्राप्त गर्ने मध्ये ८२ प्रतिशत महिला थिए जसलाई मुख्य रूपले गार्मेन्ट मेशिन सञ्चालन सम्बन्धी तालिम उपलब्ध गराइएको थियो ।

## तालिम प्राप्त व्यक्तिको संख्या तथा रोजगारी प्राप्तिको अवस्था

| वर्ष | कूल तालिम प्राप्त पुरूष | कूल तालिम प्राप्त महिला | कूल तालिम प्राप्त संख्या | कूल रोजगार प्राप्त संख्या | रोजगारीको प्रतिशत |
|---|---|---|---|---|---|
| २०७०/७१ | ७५५ | ३५ | ७९० | ५९६ | ७५ |
| २०७१/७२ | ८४५ | १५६ | १,००१ | ६२२ | ६२ |
| २०७२/७३ | १,७२३ | ६३० | २,३५३ | १,३४१ | ५७ |
| २०७३/७४ | २,३१६ | ७४५ | ३,०६१ | १,१९८ | ३९ |
| २०७४/७५ | ४९४ | ३७७ | ८७१ | ६१ | रोजगारीमा जाने क्रममा रहेको |
| कुल | ६,१३३ | १,९४३ | ८,०७६ | ३,८१८ | |

## २.२.२ मुख्य सिकाईहरु

### रोजगारीलाई सीप तालिमसँग जोड्ने

सीप तालिमको प्रमुख लक्ष्य भनेको गन्तव्य मुलुकहरूमा रोजगारीका लागि क्षमता अभिवृद्धि गर्नु र कार्यस्थल सुरक्षामा सुधार ल्याउनु हो । सीप तालिमलाई गन्तब्य मुलुकको रोजगारीको आवश्यकता अनुरूप जोड्नु पर्दछ । सुरूवातका वर्षहरूमा परियोजनाले तालिमलाई रोजगारीसँग जोड्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको थियो । जसले गर्दा तालिम पश्चात् रोजगारीको दरलाई बढाएको थियो । यस्तो अवस्था प्राप्त गर्न परियोजनाले थप सक्रिय भूमिका निर्वाह गरेको थियो । पर्याप्त रूपमा असल वैदेशिक रोजगार ब्यवसायी र गन्तब्य मुलुकका रोजगारदाताहरूको अधिक संख्या हुनु जरूरी छ । जसले मर्यादित रुपमा काम गर्ने वातावरणको मापदण्ड सुनिश्चित गर्नेछन् । सामीले तालिम प्राप्त व्यक्तिहरूलाई आफैंले रोजगारी खोज्नका लागि प्रोत्साहन गर्ने ढाँचा पनि परीक्षण गरेको थियो । तर यो ढाँचाले उपलब्धिमूलक रोजगारीको प्रत्याभूति गर्न सफल भएन । गन्तब्य मुलुकको माग र आवश्यकता अनुसार सीप तालिमलाई उपलब्धिमूलक बनाउन परियोजनाले गन्तव्य मुलुकमा कालो सुचिमा नपरेका असल रोजगारदाताहरूको रणनीतिक रूपमा खोजी गर्नुपर्दछ । यसका लागि सीपयुक्त जनशक्तिको माग, गन्तब्य मुलुकमा नेपालमा उपलब्ध गराईएको सीपको मान्यता र गुणस्तर सामन्जस्यता कायम गर्न रोजगारदातासँग नियमित सम्वाद हुनु जरूरी हुन्छ ।

### सीपको प्रमाणीकरण

सीप तालिमलाई रोजगारीसँग जोड्नुको अर्थ नेपालमा उपलब्ध गराइएको सीप तालिमले गन्तब्य मुलुकका रोजगारदाताले मान्यता प्रदान गरून् भन्ने हो । यस अर्न्तगत दुबै मुलुकका लागि स्वीकार्य हुने सीपको प्रमाणीकरण प्रणाली विकास गर्न कार्य गर्नुपर्दछ । हाल स्वदेशमा सरकारी निकायको रूपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले राष्ट्रिय सीप परीक्षण बोर्ड मार्फत सीप प्रमाणिकरण प्रणाली विकास गरिरहेको भएतापनि यसलाई वैदेशिक रोजगारीका लागि प्रदान गरिने सीप तालिमसँग जोड्न सकिएको छैन । यस्तो साझा मापदण्ड नभएको अवस्थामा सामी परियोजनाले गन्तब्य मुलुकको आवश्यकता अनुसार सीप परीक्षण प्रमाणीकरणको नमूना परीक्षण गर्न दुबईमा अवस्थित ब्रिटेनबाट मान्यता प्राप्त सीप तालिम संस्थासँग सहकार्य गरेको थियो । प्रारम्भिक अवलोकनमा सामी परियोजना अन्तर्गत प्रदान गरिने सीप तालिमको गुणस्तर वृद्धि र स्तरीकरण गर्नुपर्ने देखिएको थियो । यसरी गुणस्तरीय रूपमा संचालन गरिएका तालिम र त्यसको प्रमाणीकरणको बारेमा गन्तब्य मुलुकका रोजगारदाताहरू र वैदेशिक रोजगार ब्यवसायीहरूलाई निरन्तर रूपमा जानकारी गराउनु पर्दछ ।

### घरपायक हुने गरी सीप तालिमको उपलब्धता

हाल जिल्लामा रहेका आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई सीप तालिम हासिल गर्न तालिम प्रदायक संस्थाहरूमा सिफारिस गर्दछन् । यसरी सिफारिस भएका प्रशिक्षार्थीहरूको खाने, बस्ने लगायत सम्पूर्ण तालिम खर्च परियोजनाले नै ब्यहोर्दछ । तालिमका सहभागीहरूले सामान्यतया एक महिना तालिमका लागि काठमाडौं आउनुपर्ने हुन्छ । काठमाडौंमा सीप तालिम दिनुको उद्देश्य सीपबाहेक सहभागीहरूलाई वैदेशिक रोजगारीमा जाँदा घरबाट टाढा बस्दाको अनुभव, परिवार व्यवस्थापन कसरी गर्ने, नयाँ ठाउँमा अन्य व्यक्तिहरूसंग कसरी घुलमिल हुने, स्वास्थ्य शिक्षा, गन्तव्य मुलुकका नियम

कानुन, धर्म, भाषा आदि बारे जानकारी र आवश्यक ज्ञान प्रदान गर्नु पनि हो । यस्ता जानकारीले वैदेशिक रोजगारीमा जानेको जीवन सहज बनाउँछ । घरपायक हुने गरी तालिमको विकेन्द्रिकरण गर्न सकेमा सहभागीको संख्यामा वृद्धि हुनुका साथै तालिमको लागि हुने खर्च पनि कटौती हुन्छ । यसको लागि विकेन्द्रित रूपमा गुणस्तरीय तालिम उपलब्ध हुने सुनिश्चित हुनुपर्छ ।


### सीप तालिमको लागि लगानी

हाल सामी परियोजना अन्तर्गत सञ्चालन हुने सीप तालिमको खर्च परियोजनाले नै ब्यहोरिरहेको छ । राष्ट्रिय कार्य योजना अनुसार नेपाल सरकारले वार्षिक रूपमा ५०,००० वैदेशिक रोजगारीमा जाने सम्भावित युवाहरूलाई तालिम उपलब्ध गराउने प्रतिवद्धता ब्यक्त गरेको छ । ब्यवसायिक तालिमको साथसाथै अन्य आवश्यक सीपहरू जस्तैः पारस्पारिक संवाद्, निर्णय क्षमता विकास, समस्या समाधान गर्ने सीप, अर्थ व्यवस्थापन, उद्यमशिलता र व्यक्तिगत विकास सम्बन्धी विषयहरूलाई पनि सीप तालिममा समावेश गर्नुपर्छ ।

**सीप तालिम**

प्रमुख उपलब्धिहरु

(जुलाई २०१३ देखी २०१८)




## सीपयुक्त वैदेशिक रोजगारी : राम्रो तलब र सुरक्षित रोजगारीका लागि एक सम्भाव्य रणनीति

सुरज राई डाँडागाउँ, रूपाकोट, मझुवागढी नगरपालिका

**१. तपाईंले तालिमको बारेमा कसरी थाहा पाउनु भयो र तालिममा कसरी सहभागी हुनुभयो ?**

सर्वप्रथम मलाई सीप तालिमको बारेमा केही थाहा थिएन । सामी परियोजनाले वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई तालिमको ब्यवस्था गरेको कुराबारे मैले स्थानीय हलेसी एफएम रेडियोबाट थाहा पाएँ । मैले परियोजनाको सामाजिक परिचालकलाई पनि भेटें । उहाँले मलाई तालिमको बारेमा थप जानकारी दिँदै आप्रवासी स्रोत केन्द्र दिक्तेलमा जान सल्लाह दिनुभयो । उक्त केन्द्रमा म दुई पल्ट गएँ । त्यहाँ मलाई गन्तव्य देशमा माग भएको विषय (Trade) को बारेमा एउटा पुस्तिका दिनुभयो । मैले स्काफोल्डिङ्ग (फलामको पाइपको खट बनाउने काम छानें) । त्यसपछि तालिम लिनको लागि मलाई काठमाडौंमा सिफारिस गरियो । मलाई बसपार्कसम्म तालिम दिने संस्थाबाट एक जना व्यक्ति लिन आउनु भएको थियो । त्यसपछि मैले तालिम लिएँ ।

**२. तालिममा तपाईंले के के सिक्नुभयो?**

मैले तालिममा फलामको पाइपको खट बनाउने सम्बन्धी धेरै कुरा सिकें । जसमा बिभिन्न प्रकारका टावर कसरी बनाउने, टावर बनाउँदाका महत्वपूर्ण जानकारी जस्तै लेबल कसरी नाप्ने, टावरको आधार कसरी मिलाउने आदी । त्यस्तै व्यक्तिगत तथा कार्यस्थल सम्बन्धी सुरक्षा कसरी कायम गर्ने, वैदेशिक रोजगारीमा रहँदा स्वास्थयमा समस्या आए

के गर्ने, परिवारको व्यवस्थापन कसरी गर्ने, कार्यस्थलमा पालना गर्नुपर्ने नियम तथा बिभिन्न देशगत जानकारी पनि उपलब्ध गराइन्छ ।

३. तपाईं कुन देश जानुभयो ?

म कतार गएँ । मेरो अन्तरवार्ता एकजना भारतीयले लिएका थिए । म तुरून्तै छनौट भएको जानकारी पाएँ । तीनदिन भित्र सम्झौता गरें । कतारमा मैले एक वर्ष काम गरें ।

४. विदेश जानुपूर्व सीप लिनाले के कस्तो फाइदा हुन्छ ?

वैदेशिक रोजगारीमा जाने ब्यक्तिसंग सीप छैन भने उसले तल्लो तहमा अदक्ष कामदारको रूपमा काम गर्नुपर्दछ । फलामको पाइपको खट बनाउने काममा दक्षता भएका कामदारको तुलनामा अदक्ष कामदारको तलब निक्कै कम हुन्छ । अदक्ष कामदारमाथि भेदभाव गरिन्छ र राम्रो व्यवहार पनि हुँदैन । यदि कोही केही सीप लिएर जान्छ भने त्यहाँ उसले थप तालिम प्राप्त गर्न सक्दछ तर अदक्ष कामदारले थप तालिमको अवसर प्राप्त गर्न सक्दैन, दक्ष कामदारले सुरक्षा सम्बन्धित सामाग्रीहरू जस्तैः चस्मा, हेलमेट, डोरीहरू, वेल्ट, नाप्ने टेप, जुत्ता प्राप्त गर्दछ । व्यक्तिगत तथा कार्यस्थल सुरक्षा सम्बन्धी ज्ञान हुँदा आफू सुरक्षित भई काम गर्न सक्छ र जुन स्काफोल्डिङ् जस्तो कामको लागि अत्यन्त जरूरी हुन्छ ।

## सीप तालिमको क्षेत्र विस्तार

सामी परियोजना अन्तर्गत हाल उपलब्ध हुने सीप तालिम वैदेशिक रोजगारीसँग सम्बन्धित छन् । माथि उल्लेखित मध्ये गार्मेन्ट मेशिन अपरेटर तथा स्काफोल्डिङ्मा रोजगारीको दर उच्च छ । यस्ता सीप तालिमहरू गार्मेन्ट मेशिन अपरेटर, मेसन, सटरिङ कार्पेन्ट्री, प्लम्बिङ्, ईन्डस्ट्रियल इलेक्ट्रिसियन र स्क्याफोल्डिङ् गरि जम्मा ६ वटा विषयहरूमा उपलब्ध गराइयो । वैदेशिक रोजगार विभागको आ.व. २०७०/७१ को तथ्याङ्क अनुसार वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका मध्ये १२ प्रतिशत व्यक्तिहरू अर्धदक्ष, १४ प्रतिशत दक्ष र एक प्रतिशत भन्दा कम व्यक्तिहरू उच्च व्यवसायिक दक्षता भएका थिए । यसले के देखाउँछ भने सीप तालिमको आवश्यकता र सीप तालिम लिई वैदेशिक रोजगारीमा जानुपर्छ भन्ने कुराको सचेतना अभिवृद्धि गर्नु जरूरी छ ।



तालिम लिने क्रममा काठमाडौं स्थित तालिम केन्द्रमा महिला कामदार

## २.३ कानुनी सहायता र न्यायमा पहुँच

आप्रवासन चक्रको प्रत्येक चरणमा आप्रवासी कामदारहरू ठगिने र शोषित हुने जस्ता सम्भावना धेरै नै छन् । वैदेशिक रोजगारीमा जाने युवाहरूले प्रारम्भिक चरण देखि नै यस्तो अवस्थाको सामना गर्नुपर्छ । म्यानपावर कम्पनीहरू तथा कथित एजेन्टहरूले अधिक शुल्क लिने, विदेशमा गर्नुपर्ने काम र पाउने तलब सुविधाको वारेमा गलत सूचना दिने, नक्कली कागजपत्रहरूको प्रयोग गर्ने, कामदारको कागजपत्र तथा रकम जफत गर्ने जस्ता गलत अभ्यासहरू गरेको पाइन्छ । यस्तो अवस्थाले गर्दा गन्तब्य मुलुकमा पुगेपछि उनीहरू झन जोखिममा पर्छन् साथै कम्पनीसँगको सम्झौता पत्रमा उल्लेख भएको काम भन्दा फरक काम गर्नुपर्ने, तोकिएको समय भन्दा बढी काम गर्नुपर्ने र इच्छा विरूद्ध पनि काम गर्नु पर्ने अवस्था छ । यस्तो अवस्थाबाट विशेषगरि महिला कामदारहरू रोजगारदाताबाट शारिरिक, यौन तथा मानसिक शोषण जस्ता जोखिममा पर्ने गर्दछन् । यसरी जोखिममा पर्ने पीडितहरूमा कानूनी उपचारको लागि प्रक्रियागत जानकारीको अभाव र आवश्यक पर्ने शुल्कको कमीले गर्दा न्याय तथा क्षतिपूर्ति पाउनबाट बञ्चित हुन परेको अवस्था छ ।

सामी परियोजनाले यस्ता किसिमका पीडित व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि र क्षतिपूर्ति प्राप्तिको लागि सहजिकरण गर्दछ ।

परियोजनाको साझेदार संस्था मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) मार्फत कानूनी सहायता प्रदान गर्दछ ।

यसरी प्रदान गरिने कानूनी सहायता अन्तर्गत पीडितहरूलाई उनीहरूको अधिकारको बारेमा सचेत गराउने, कानूनी उपचारको विकल्पहरूको बारेमा जानकारी दिई ठगी गर्ने व्यक्ति तथा निकायलाई कानुनी दायरामा ल्याई पीडितलाई क्षतिपूर्ति दिलाउन सहजिकरण गरिन्छ । सामीको साझेदार संस्थाले वैदेशिक रोजगार विभागमा कानूनी उपचारको लागि उजुरी दिन पीडितलाई सहयोग गर्दछ साथै उनीहरूको पक्षबाट बहस पनि गर्दछ । आप्रवासी स्रोत केन्द्रहरूले पिपुल फोरमसम्म वैदेशिक रोजगारी सम्बन्धी उजुरीहरू पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्दछन् ।

यसका साथै गन्तब्य मुलुकमा अप्ठ्यारो अवस्थामा परेका नेपाली कामदारहरूलाई सहयोग गर्ने कार्य सामी परियोजनाको अर्को साझेदार संस्था प्रवासी नेपाली समन्वय समिति संस्थाले गर्दछ । गन्तब्य मुलुकमा कामदारको मृत्यु, अभिलेखविहिन हुने, स्वास्थ्यमा समस्या आउने, जेल पर्ने वा करार सम्बन्धी अन्य समस्याहरू जस्ता विषयहरूमा यस संस्थाले सहयोग तथा सहजिकरण गर्दछ । आप्रवासी स्रोत केन्द्रहरू, सामी परियोजनाका अन्य राष्ट्रिय साझेदार संस्थाहरू, पीडित कामदार वा तिनका परिवारहरूले नेपाली समन्वय समिति समक्ष यस्ता समस्याहरू पुऱ्याउँछन् । साझेदार संस्थाले गन्तब्य मुलुकमा रहेका कूटनीतिक नियोगहरू अन्तर्गत रहेका श्रम सहचारी, श्रम काउन्सुलरहरूसँग समन्वय गरि सहयोग प्राप्त गर्दछ । प्रवासी नेपाली समन्वय समितिको सफलता गन्तब्य मुलुकमा रहेको मानव अधिकारसँग सम्बन्धित संस्थाहरूसँगको सञ्जाल विस्तारमा निर्भर गर्दछ । परियोजना अन्तर्गत गन्तब्य मुलुकमा समस्यामा परेका नेपाली कामदारहरूलाई आवश्यक पर्ने सहयोगको लागि पहुँच अभिवृद्धि गर्न मलेसिया र कतारमा एक एक जना कर्मचारी नियुक्त गरिएको छ ।

## सामी र प्रवासी नेपाली समन्वय समितिको संयुक्त प्रयासले आप्रवासी कामदार र उनका बाबुलाई बँधुवा मजदुर हुनबाट जोगायो

१३ अप्रिल, २०१४ मा सप्तरी जिल्लावासी नवीन कुमार दास एउटा कम्पनीमा काम गर्न मलेसिया गए । गएको दुई वर्ष पछि उनले अर्को कम्पनीमा सम्झौता नगरि काम गर्न थाले । सोही क्रममा उनलाई स्थानीय प्रहरीले समात्यो र आठ महिना जेलमा हाल्यो । जेलमा परेको दुई महिना पछि उनले आफ्नो अवस्थाको बारेमा परिवारलाई खबर गरे ।

१५ जुन, २०१८ मा आप्रवासी स्रोत केन्द्र सप्तरी मार्फत प्रवासी नेपाली समन्वय समितिले नवीनका बारेमा जानकारी प्राप्त गऱ्यो । नवीनको अवस्थाका बारे प्रवासी नेपाली समन्वय समिति मलेसियाको सम्पर्क अधिकारीलाई जानकारी गराइयो । नेपाली राजदूतावास, सम्बन्धित कम्पनी र अन्यसँग समन्वयात्मक पहलले नवीनलाई ११ जुलाई, २०१८ मा जेलबाट छुट्ने जानकारी प्रदान गरियो ।

प्रवासी नेपाली समन्वय समितिले आप्रवासी स्रोत केन्द्र सप्तरी मार्फत परिवारलाई नवीन जुन ११ तारिखमा जेलमुक्त हुने हुनाले उनलाई फर्काउनका लागि हवाई टिकट पठाउन पर्ने जानकारी गरायो । तर नवीनको परिवारले टिकटका लागि रू. ३०,००० जुटाउन नसकेका कारण उनको जेलबाट छुट्ने दिन २७ जुन २०१८सम्म पर सऱ्यो । आफ्नो छोरा फिर्तीको लागि नवीनका बुढा र आँखा नदेख्ने बाबुले स्थानीय साहुसँग ऋण सापट माग्दा धितो राख्ने केही सम्पति नभएकाले ऋण पाएनन् । नवीन फिर्ता भएपछि बाबु छोरा दुवै उसकोमा बँधुवा मजदुरको रूपमा काम गर्ने गरि ऋण प्रदान गर्ने साहुको शर्त समेत बाबुले स्वीकारे ।

प्रवासी नेपाली समन्वय समितिको जानकारीमा नविनको खबर आएपछि नवीनको परिवारको समस्यालाई अनलाईन खबर भन्ने पत्रिकामा प्रकाशित गरियो । आफ्नी छोरीको पाँचौ जन्मदिनको तयारीमा जुटेका नारायण अर्यालले नवीनको खबरले मर्माहत तुल्यायो । उनले छोरीको जन्मदिनमा खर्चनका लागि योजना गरेको रकम नवीनको टिकटका लागि लाग्ने रकम बराबर भएकाले उनले उक्त खर्च कटौती गरि सो बराबरको रकम नवीनको टिकटका लागि प्रदान गर्ने निर्णय गरे । उनले प्रवासी नेपाली समन्वय समिति मार्फत नवीनका लागि गरेको सहयोगको घोषणाले बाबुलाई साहुसँग वाध्यकारी परिस्थितिमा गर्न लागिएको शर्तनामाबाट मुक्ति मिल्यो । प्रवासी नेपाली समन्वय समितिले नवीनको परिवारलाई खबर गऱ्यो र हवाई टिकट मलेसियाको सम्पर्क अधिकारीलाई पठायो । उनले नवीनलाई यात्राको लागि आवश्यक सम्पूर्ण कागजातहरू तयार पार्न मद्दत गरे । यसरी नवीन २ जुन २०१८ मा नेपाल फर्कन सफल भए ।



आप्रवासी स्रोत केन्द्र सर्लाहीमा सम्भावित आप्रवासी महिला कामदारलाई परामर्श दिंदै परामर्शकर्ता

### मध्यस्थता मार्फत स्थानीय तहमा वैदेशिक रोजगारसँग सम्बन्धित समस्याहरुको समाधान

नेपालमा विभिन्न प्रकारको विवादहरूलाई औपचारिक कानूनी प्रक्रिया नअपनाई अग्रज र समाजका गन्यमान्य व्यक्तित्वहरूको सहयोगमा छिनोफानो गर्ने अभ्यास विगत देखि नै प्रचलनमा रहेको छ । औपचारिक कानुनी उपचारको लागि आवश्यक प्रमाण, दस्तावेजहरू सहित काठमाडौंस्थित वैदेशिक रोजगार बिभागसम्म आउनुपर्ने हुन्छ । त्यसैले यदि पीडित र पीडक समान भौगोलिक क्षेत्रमा बसोवास गर्ने भएमा मेलमिलापका लागि मध्यस्थता एक छिटो तथा कम खर्चिलो उपाय हुन सक्छ । यसको लागि आप्रवासी स्रोत केन्द्रले सम्बन्धित पक्षहरूलाई स्थानीयस्तरमा उपलब्ध मध्यस्थकर्ताको उपस्थितिमा समस्याको समाधान गर्न सुझाव दिन सक्छन् । आप्रवासी स्रोत केन्द्रले पीडितहरूलाई छलफलमा आफ्ना कुराहरू कसरी राख्ने भन्ने कुरा सिकाउँछ ।

## मध्यस्थकर्ताको पहलले ठगिएकालाई क्षतिपूर्ति दिलायो

सर्लाही जिल्ला मलङ्गवाका सन्तोष शाह र सद्धाम हुसेन सहायक इलेक्ट्रिसियनका लागि एक एजेन्ट भनिने व्यक्ति मार्फत् मलेसिया गए । एजेन्टले उनीहरूलाई दिनमा आठ घण्टा काम गर्नुपर्ने र त्यसबापत महिनावारी १,२०० रिङ्गेट पाउने आश्वासन दिएको थियो । एजेन्टले वैदेशिक रोजगार शुल्क स्वरूप दुवैजनासँग पैसा बुझेको रसिद वा प्रमाण केही नदिईकन रू. १००,००० का दरले असुलेको थियो । तर गन्तव्य मुलुकमा गएपछि दुवै जनालाई एक ग्यारेजमा सहयोगी मिस्त्रीको रूपमा भनेको भन्दा धेरै समय काम गनुपर्ने तर निकै कम तलबमा काम गर्न खटाईयो । नोभेम्बर २०१४ मा आप्रवासी स्रोत केन्द्र, सर्लाहीमा यो खबर पुगेपछि स्रोत केन्द्रका परामर्शदाताहरूले अवस्थाको सत्यतथ्य छानविन गरि एजेन्टसँग सम्पर्क गरे । एजेन्ट सन्तोष र सद्धामलाई पाँच दिनभित्र फिर्ता ल्याउन राजी भयो र उनीहरू फिर्ता भए ।

उनीहरू दुवैजना फिर्ता आएपछि स्थानीय नागरिक समाजका अगुवाहरूको रोहवरमा क्षतिपूर्ति मागदावी गर्ने गरि छलफलमा लगियो । सन्तोष र सद्धामको परिवारहरूले रू. १,८५,००० क्षतिपूर्ति दावी गरे । एजेन्टले कुल क्षतिपूर्तिको हिसाब किताब माग्यो । फिर्ता भएका दुवैजनाले आफुहरूले एजेन्टलाई जनही रू. १००,००० तिरेको, कम्पनीले खानाको व्यवस्था नगर्दा जनही रू. २०,००० घरबाट पठाएको, बाँकी रहेको पैसा राहदानी बनाउन र लत्ता कपडा किन्न खर्च भएको दाबी गरे । यसरी दुवैपक्षको रोहवरमा क्षतिपूर्ति बापत जनही रू. १,२५,००० का दरले प्रदान गर्ने शर्तमा मुद्दाको छिनोफानो गर्न राजी भए ।

## वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुको लागि न्यायमा पहुँच

**गन्तव्य मुलुकहरुमा न्यायको पहुँचमा सिमितता :** अधिकारको उल्लंघनका घटनाहरूमा न्याय प्राप्तिको लागि संयन्त्रहरूको अभाव छ । खाडी मुलुकहरू खासगरि गल्फ काउन्सिल अन्तर्गतका देशहरू जहाँ "कफाला" प्रथाको प्रचलन रहेको छ, त्यहाँ आप्रवासी कामदारहरूले न्यायको लागि रोजगारदाता विरूद्ध उजुरी दर्ता गर्ने सम्भावना निकै नै न्यून हुन्छ ।


**नेपाली कूटनीतिक नियोगले प्रदान गर्ने सहयोग :** थुप्रै गन्तव्य मुलुकहरुमा नेपाली कूटनीतिक नियोगहरू छन् र तिनीहरूले अप्ठ्यारो अवस्थामा परेका नेपाली कामदारहरूलाई श्रम सहचारी मार्फत मद्दत गर्दछन् । त्यस्ता देशहरू जसले कफाला प्रथालाई कडाईका साथ लागू गरेका छन् त्यहाँ दूतावासको सहयोग प्राप्त गर्न कठिन हुन्छ । किनकि रोजगारदाताले कामदारको स्वतन्त्र आवागमनमा समेत अप्ठ्यारो हुनेगरि उनीहरूको कानूनी कागजातहरू र राहदानी जफत गरेका हुन्छन् । त्यसमाथि दूतावासमा न्यून कर्मचारी र स्रोत साधनको अपर्याप्तता भएको हुनाले समस्यामा परेका नेपाली कामदारहरूलाई चुस्त दुरूस्त सेवा प्रदान गर्न कठिनाई भएको छ ।

**सेवाको पहुँच वृद्धि गर्न सामीले पीडित नेपाली कामदारलाई उपलब्ध गराएका सहयोगहरु :** वैदेशिक रोजगारीको सिलसिलामा पीडित भएका कामदारले गन्तव्य देशबाट नै उनीहरूको जिल्लामा भएको आप्रवासी स्रोत केन्द्रमा आफैंले, परिवारमार्फत वा सामीको साझेदार संस्था प्रवासी नेपाली समन्वय समितिमा सम्पर्क राखी आफूलाई सहयोग गर्न वा उद्धारका लागि अनुरोध गर्न सक्दछन् । प्रवासी नेपाली समन्वय समितिले गन्तव्य मुलुकमा रहेका विभिन्न संस्थाहरू जस्तै आप्रवासीहरूको सञ्जाल वा गैर आवासीय नेपालीहरू, नेपाली राजदूतावास र सरकारी र गैर सरकारी संस्थासँग समन्वयकारी भूमिका निर्वाह गर्दछ । हाल कतार र मलेसियामा प्रवासी नेपाली समन्वय समितिको आफ्नै सम्पर्क कार्यालय छन् जसले पीडित कामदारहरूलाई सहयोग र उद्धार गर्न सहजिकरण गर्दछ ।

**वैदेशिक रोजगार विभागमा मुद्दा दायर गर्ने :** आप्रवासी कामदारहरू ठगिएको वा शोषणमा परेको अवस्थामा उनीहरूले वैदेशिक रोजगार विभाग, काठमाडौंमा म्यानपावर व्यवसायीको विरुद्ध उजुरी दिन सक्दछन् । वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको सञ्चालनसँगै कामदारहरूले अनलाइन उजुरी दिन सक्नेछन् । विभागले गम्भीर प्रकृतिका मुद्दाहरूलाई वैदेशिक रोजगार न्यायाधीकरणमा पठाउँछ । सामीको साझेदार संस्था मानव अधिकारको लागि जनमञ्च (पिपुल फोरम) ले वैदेशिक रोजगारको सिलसिलामा पीडित भएका व्यक्तिहरूका मुद्दा दायर गर्न निःशुल्क रूपमा सघाउने, ठोस प्रमाण जुटाउन मद्दत गर्ने, मुद्दालाई सही तवरले अघि बढाउने, वकालत गर्ने जस्ता कार्य गर्दछ । यस्तो सहयोगले पीडितले न्याय पाउने सम्भावना बढाउँछ ।

## २.३.१ मुख्य उपलब्धीहरु

सामी परियोजनाले वैदेशिक रोजगारको सिलसिलामा पीडित भएका हजारौं व्यक्तिहरूलाई न्यायमा पहुँच दिलाई क्षतिपूर्ति उपलब्ध गराउन सफल भएको छ । सामीले प्राप्त गरेको मुख्य उपलब्धीहरूलाई संक्षेपमा तल प्रस्तुत गरिएको छ ।




[५] सामी परियोजनाका वार्षिक प्रतिवेदनहरू

## २.३.२ मुख्य सिकाईहरु:[६]

### सेवाहरुको विकेन्द्रिकरण

वैदेशिक रोजगार सम्बन्धी समस्यामा पर्ने पीडितहरू देशका विभिन्न क्षेत्रका भएपनि न्यायको लागि सम्बन्धित सरकारी निकायहरू काठमाडौंमा मात्र केन्द्रित छन् । विभिन्न ठाउँमा रहेका आप्रवासी स्रोत केन्द्रहरूले प्राप्त उजुरीहरूलाई सम्बन्धित निकायमा आवश्यक सहयोगको लागि सिफारिस गर्न सक्छन । तर आफ्नो उजुरी दर्ता गर्नको लागि पीडितहरू काठमाडौंमा नै आफैं आउनुपर्ने बाध्यता छ । धेरैजस्तो अवस्थामा पीडितहरूले पाउने क्षतिपूर्ति रकम उनीहरूले कानुनी उपचारको लागि काठमाडौं आउँदा जाँदा खर्चिनुपर्ने रकम भन्दा पनि कम हुन्छ । त्यसैले अनलाईन प्रक्रियाको उपलब्धता वा प्रदेश तथा स्थानीयस्तरबाट न्यायिक समाधान गर्ने विकल्पहरू सहित न्यायमा सहज पहुँचका लागि पुर्नविचार गर्नु जरूरी छ ।

वैदेशिक रोजगार सूचना ब्यवस्थापन प्रणाली FEIMS (Foreign Employment Information Management System) https://feims.dofe.gov.np/sf/sfLogin.aspx को सुरूवातले यो प्रक्रियालाई केही हदसम्म सम्बोधन गर्ने अपेक्षा गरिएको छ । अनलाईन प्रणाली मार्फत पीडितहरूले उजुरी दर्ता गराउने सम्भावनाले कानूनी उपचारको प्रक्रिया शुरूवात गर्नको लागि पीडितहरू काठमाडौंसम्म आउनुपर्ने छैन । हाल संघीयताको प्रक्रिया तथा वैदेशिक रोजगार विभागका सेवाहरूको प्रादेशिकस्तरमा भएको विकेन्द्रिकरणको प्रक्रियाले न्यायमा पहुँच वृद्धि हुने आशा बढाएको छ ।

### गन्तव्य मुलुकहरुमा न्यायको पहुँच

विदेशस्थित नेपाली दुतावासहरू र कन्सुलर सेवाहरूले सक्दो सहयोग गर्दागर्दै पनि गन्तब्य मुलुकमा पीडित कामदारहरूले कानुनी उपचार पाउने सम्भावना सीमित रहेको छ । वैदेशिक रोजगारीको क्रममा कुनै समस्या आएमा धेरैजसो पीडितहरू जाने एउटै मात्र सहज पहुँच भएको निकाय विदेशस्थित नेपाली दूतावास हो । प्रभावकारी सेवा प्रदान गर्न यस्ता कूटनीतिक नियोगहरूको निरन्तर रूपमा सवलीकरण गर्नु महत्वपूर्ण हुन्छ ।

नेपाल सरकारको द्विपक्षीय र क्षेत्रीय नीतिगत सम्वादहरूले औपचारिक संयन्त्र र कानूनी सेवामा पहुँच वृद्धि गर्न सक्छ । हालैका वर्षहरूमा साउदी अरब, मलेसिया र कतारबाट वैदेशिक रोजगारी सम्बन्धी धेरै संख्यामा समस्याहरू प्राप्त भएका छन् । परियोजनाको आँकडा अनुसार कतारमा देखिएका समस्याहरूमध्ये ५० प्रतिशत भन्दा बढी समस्याहरू समाधान भएका छन् । कतारमा समस्यामा रहेका नेपाली कामदारहरूको पहिचान गर्ने, दस्तावेजीकरणमा सहयोग गर्ने र कामदारलाई आवश्यक सहयोग गर्ने कार्यमा परियोजना अन्तर्गत रहेको कर्मचारीको महत्वपूर्ण भूमिका रहेको थियो । यस्तो प्रकारका कर्मचारीहरूबाट सेवाको पहुँच वृद्धि गर्ने ढाँचाको थप खोजी गर्नु आवश्यक छ । अथवा सेवामा रहेका श्रम सहचारीहरूको जिम्मेवारीभित्र यस्ता कामहरूलाई समेट्ने वा नागरिक समाजलाई यस्तो भूमिका निर्वाह गर्न प्रत्यक्ष सहयोग गर्ने ।

### समस्या रोकथामको लागि प्रयास

वैदेशिक रोजगारीको सिलसिलामा समस्या आउन नदिनका लागि रोकथामका उपायहरू अत्यावश्यक र सहयोगी हुन्छन् । ठगी, शोषण र असमान ब्यवहारहरूलाई न्यूनीकरण गर्न वैदेशिक रोजगारसँग सम्बन्धित सबै सरोकारवालाहरूले एकीकृत रूपमा काम गर्नुपर्दछ । यसको शुरूवात आप्रवासनको शुरूकै अवस्थाहरूमा नै गर्नुपर्दछ । वैदेशिक रोजगारीको सिलसिलामा सामना गर्नुपर्ने विभिन्न प्रकारका जोखिमहरू र उपलब्ध सहायताहरू र त्यसमा पहुँच सुनिश्चित गर्न वैदेशिक रोजगारमा जाने सम्भावित कामदारहरूलाई राम्रोसँग जानकारी प्रदान गर्नुपर्दछ । वैदेशिक रोजगारीमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीहरू बीच अन्तरक्रिया र सम्पर्क कायम गर्नु महत्वपूर्ण हुन्छ ।

## २.४ मनोसामाजिक सहयोग

वैदेशिक रोजगारीले धेरै परिवारलाई आर्थिक सहयोग गरेको भएता पनि यसको वापत वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू र तिनका परिवारले ठूलो मूल्य चुकाउनु परेको छ । श्रीमानको अनुपस्थिति हुँदा घरमा रहेका श्रीमतीको कार्य जिम्मेवारी अत्याधिक बढेको छ । धेरै जस्तो अवस्थामा महिलाहरूले दुवै अभिभावकको जिम्मेवारी बहन गर्नुका साथै एकल रूपमा परिवार ब्यवस्थापन गर्नुपरेको छ । घरमा रहेका श्रीमतीहरूले बढी खर्च गरेको, अनैतिक सम्बन्ध कायम गरेको भन्ने जस्ता सामाजिक लाञ्छाना ब्यहोर्नु परेको अवस्था देखिएको छ । धेरै परिवारहरू विखण्डन भएका छन् । वैदेशिक रोजगारमा रहेका कामदारहरू, विशेष गरि महिला

[६] सामी परियोजना अन्तर्गत सञ्चालित वित्तीय साक्षरता कार्यक्रमको मूल्यांकन प्रतिवेदन अक्टोबर २०१७

कामदारहरूले हिंसा, दुर्व्यवहार, शोषण ब्यहोर्नुका साथै कडा परिश्रम गर्नुपरेको अवस्था छ ।

यस्ता मनोसामाजिक र सामाजिक दवावहरूलाई कम गर्न सामी परियोजनाले सन् २०१३ को नोभेम्बर देखि मनोसामाजिक परामर्श कार्यक्रमको शुरूवात गऱ्यो । यस कार्यक्रमले समुदायस्तरमा रहेका व्यक्ति तथा परिवारलाई प्रत्यक्ष सहयोग प्रदान गरेको छ ।

परियोजना अन्तर्गतका मनोसामाजिक परामर्शकर्ताहरूले दुई प्रकारबाट परामर्श सेवा प्रदान गर्दछन् । परामर्शकर्ताहरूले घरघरमा गई व्यक्तिगत परामर्श उपलब्ध गराउँछन् । त्यस्तैगरि सातवटा विषयहरू समावेश भएको कक्षाहरू मार्फत सामूहिक रूपमा ६ देखि सात हप्ताको अवधिमा सामूहिक परामर्श उपलब्ध गराउँछन् ।

यो मनोसामाजिक परामर्श कार्यक्रम विगत पाँच वर्षको अवधिमा १० वटा जिल्लाहरूमा लागू भएका छन् ।

## मानसिक तनावदेखि छोराको उद्धारसम्म

४६ वर्षीय सरिता विश्वकर्मा (नाम परिवर्तन) सर्लाही जिल्लाको दलित परिवारकी सदस्य हुन् । दुई छोरा र एक छोरीकी आमा उनले सिमेन्ट ब्लक बनाउने कार्यबाट जीविकोपार्जन गरिरहेकी छन् ।

सरिताको जेठो छोरा आप्रवासी कामदारको रूपमा मलेसिया गए । जम्मा तीन महिनाको काम पछि उनलाई काममा नराम्रो व्यवहार गरियो । त्यसपछि उनी कार्यस्थलबाट भागेर जंगलमा घुम्दै, भाग्दै बल्लतल्ल एक नातेदार काम गर्ने ठाउँमा पुगे । त्यसको लगत्तै उनलाई अवैधानिक कामदारका रूपमा गिरफ्तार गरि जेल चलान गरियो । छोरा जेलमा परेको खबरले सरितालाई विक्षिप्त बनाई मानसिक तनावमा पाऱ्यो । आफ्नो छोरा जेलबाट छुटाउने कुनै पनि सहयोगको सम्भावना नभेटेपछि उनको मानसिक अवस्था झन विकराल हुँदै गएर रातको समयमा पनि एक्लै उठेर हिंड्नेसम्मको अवस्थामा पुगिन् । छोराको फर्कने आश मारेपछि उनले आत्महत्या गर्ने सोच बनाएकी हुन्छिन्।


रिटर्नी स्वयम्सेवकले गठन गरेको नयाँ महिला समूहको सदस्यका रूपमा सरितालाई पनि मनोसामाजिक परामर्श कक्षामा भाग लिन प्रोत्साहन गरियो । उक्त कक्षामा लिईने श्वासप्रश्वास देखि अन्य प्रकारका व्यायामहरूमार्फत उनले संकटको अवस्था सामना गर्ने सीप सिकिन् । बिस्तारै उनले मानसिक र संवेगात्मक तन्दुरूस्ती भएको अनुभव गर्न थालिन् । मनोसामाजिक परामर्शदाताहरूले उनलाई घरमै भेटेर साथै टेलिफोनबाट पनि नियमित परामर्श प्रदान गर्न थाले । उनले मध्यरातमा अत्तालिएर गरेको टेलिफोन पनि उठाएर उनलाई सान्त्वना प्रदान गरियो ।

एकदिन मनोसामाजिक परामर्शदाताहरूले सरितालाई उनले सबैभन्दा माया गर्ने मानिसको बारेमा सोधे । उनले तुरून्तै मलेसियामा भएको छोरा भनिन् । उनको स्वतस्फूर्त जवाफले उनको आँखा खुल्यो उनले आत्महत्या गर्ने सोच त्यागिन् । जसरी भएपनि आफ्नो छोरालाई मलेसियाबाट नेपाल ल्याउने बिचार गरिन् ।

रिटर्नी स्वयम्सेवक र आप्रवासी स्रोत केन्द्रको सहयोगले उनका छोरा नेपाल फिर्ता भए । स्वदेश फिर्ता पछि अरूसँग कुरा गर्न नचाहने, एक्लै बस्ने गर्न थालेका उनका छोरालाई पनि मनोसामाजिक परामर्श सेवा प्रदान गरियो र उनी जेलमा रहँदा आफूले भोगेको दु:खकष्ट, मानसिक तनावको बारेमा विस्तारै खुल्दै सामान्य अवस्थामा आए । आप्रवासी कामदारको अधिकार र कर्तव्यको बारेमा बुझ्ने क्रममा सम्झौता अवधिमा काम छाडेर हिड्दा काम र सुविधा गुमाउनु रहेछ भन्नेबारे समेत जानकार भए । त्यसका साथै आगामी दिनमा कार्यक्षेत्रमा गरिने अस्वस्थ व्यवहारका विरूद्ध जाने संघसंस्थाकाबारेमा समेत बुझ्ने मौका पाए ।

आत्मविश्वास फर्केको छोराको साथमा सरिता पनि आफ्नो विगतको कष्टपूर्ण अनुभव बिर्सेर खुसी हुन सकेकी छन् ।

## २.४.१ मुख्य उपलब्धीहरु




मनोसामाजिक परामर्श कार्यक्रमले मानसिक चिन्ता र आघातमा पुगेका व्यक्तिहरूलाई मनोसामाजिक रूपमा बलियो बनाउन महत्वपूर्ण सहयोग पुर्‍याएको छ । उनीहरूलाई उपलब्ध गराइएको सहयोग पश्चात उनीहरू घरायसी कार्य जिम्मेवारीहरूलाई नियमित रूपमा बहन गर्न सक्ने भएको, आर्थिक तथा सामाजिक क्रियाकलापहरू गर्न थालेका र आफन्तहरूको सम्बन्धलाई पुनर्स्थापित गर्न सफल भएका छन् । साथै आप्रवासी कामदारहरूको घरमा रहेका महिलाहरूले ब्योहोर्नु पर्ने सामाजिक लान्छनाहरूलाई सामना गर्न आत्मविश्वास बढाएको छ ।

मानसिक रूपमा विक्षिप्त र कुनै अवस्थामा आत्महत्या गर्ने सोचसम्म पुगेका व्यक्तिहरूको मानसिक अवस्थामा सुधार ल्याएको छ । गम्भिर प्रकृतिका मनोसामाजिक उपचार आवश्यक भएका विरामीहरूलाई जिल्ला अस्पतालहरूमा उपचारका लागि सिफारिस गरिएको छ ।

## २.४.२ मुख्य सिकाईहरु

### सामाजिक मूल्यलाई कम गर्न समग्र तथा फराकिलो दृष्टिकोण

वैदेशिक रोजगारीका कारण समाजले ब्यहोर्नु परेको सामाजिक मूल्यलाई कम गर्न मनोसामाजिक परामर्श कार्यक्रम मात्र पर्याप्त हुँदैन । यसको लागि समग्रतामा काम गर्नुपर्दछ । समग्रतापूर्ण दृष्टिकोणले काम गर्दा सामाजिक मूल्य कम गर्न सचेतना अभिवृद्धि गर्ने अभियानमा मात्र केन्द्रित नभई सामाजिक लान्छनासँग सम्बन्धित विशेषगरि विवाहेत्तर सम्बन्ध कायम गर्ने, श्रीमानले कमाएको रकमको दुरूपयोग गर्ने, वैदेशिक रोजगारबाट फर्किएका महिलाहरू सबैले गन्तब्य मुलुकमा यौन शोषण भोग्नु परेको हुन्छ भन्ने जस्ता मानसिकतालाई परिवर्तन गर्न आवश्यक कार्यक्रमहरू पनि सञ्चालन गर्नुपर्छ ।

### परामर्शग्राहीसँगको विश्वास स्थापित गर्ने

मनोसामाजिक परामर्श आवश्यक भएका व्यक्तिहरू प्रायः कमजोर मानसिक अवस्थामा हुन्छन् । मनोसामाजिक समस्या भएका व्यक्तिहरूले ब्यहोर्नुपर्ने सामाजिक लान्छनाका कारण साथै आफ्नो भावनाहरूलाई सजिलै ब्यक्त नगर्ने सामाजिक प्रबृत्तिका कारण उनीहरू आफ्ना दुःख तथा भावनाहरू सहजै ब्यक्त गर्दैनन् । त्यसकारण मनोसामाजिक परामर्शलाई प्रभावकारी र नतिजामुखी बनाउन सेवाग्राहीसँग सम्बन्ध स्थापना र कायम राख्नु पूर्व शर्त हो ।

### सुदृढ समन्वयको आवश्यकता

मनोसामाजिक समस्या एक जटिल विषय भएको र जीवनका अन्य धेरै पाटाहरूसँग अन्तर सम्बन्धित रहेको हुँदा यस विषयमा अन्य निकायहरूसँगको प्रभावकारी समन्वय जरूरी हुन्छ । जटिल अवस्थाका विरामीको उपचारका लागि स्वास्थ्य तथा मानसिक स्वास्थ्यसँग सम्बन्धित सेवाहरूमा पहुँच पुऱ्याउन सहजिकरण गरिएको छ । दिर्घकालीन रूपमा वैदेशिक रोजगारसँग सम्बन्धित मनोसामाजिक समस्याहरू समाधानका लागि प्रदेशस्तरमा रहेका मनोसामाजिक तथा स्वास्थ्यसँग सम्बन्धित संरचनाहरूमा आवश्यक संसाधनको ब्यवस्था हुनु पर्दछ ।

### तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको कमी

वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका परिवारले भोग्नु परेको जटिल किसिमका मानसिक तथा मनोसामाजिक समस्याहरूलाई समाधान गर्न सक्ने प्रशिक्षित मनोसामाजिक परामर्शकर्ताको कमी छ ।

### महिलाहरुको लागि महिला परामर्शकर्ता

सबै आप्रवासी स्रोत केन्द्रहरूमा महिलाहरूको लागि छुट्टै परामर्श कक्ष र कम्तिमा एक जना महिला परामर्शकर्ताको ब्यवस्था गरिएको छ । महिला परामर्शकर्ता हुँदा महिला सेवाग्राहीले आफ्नो समस्या खुलस्त रूपमा राख्न चाहन्छन् । त्यसैले महिला मनोसामाजिक परामर्शकर्ताको परिचालन प्रभावकारी भएको प्रमाणित भएको छ ।



सामूहिक मनोसामाजिक परामर्श

## २.५ वैदेशिक रोजगारीबाट फर्केका महिलाहरुलाई सुरक्षित आवास गृह (सेफ हाउस)

आप्रवासी महिलाहरू गन्तव्य देशहरूमा दुर्व्यवहार र शोषणमा पर्ने जोखिम रहन्छ । धेरैजसो नेपाल फर्कदाँ विक्षिप्त अवस्थामा आइपुग्छन् र उनीहरू परिवारमा फेरि फर्कन सक्ने अवस्थामा हुँदैनन् । यस्तो प्रकारको दुर्व्यवहार भोगेका महिलाहरूको लागी सामीले साझेदार संस्था पौरखी नेपालसँगको सहकार्यमा सेप्टेम्बर २०११ देखि जुलाई २०१७ बीचमा आकस्मिक सुरक्षित आवास गृह सञ्चालन गरेको थियो । सुरक्षित आवास गृहले स्वदेश फर्किएका आप्रवासी महिलाहरूलाई दुःखमा सहायता प्रदान गर्छ । यसले गर्दा उनीहरूले आत्मविश्वास पुनः प्राप्त गर्न सक्दछन् र परिवारमा फर्कन आफूलाई तयार गर्दछन् । यस्तो सुरक्षित आवास गृहमा प्रभावित महिलाहरूलाई गाँस, बास, आवश्यक परेमा औषधि उपचार, मनोसामाजिक परामर्श र पारिवारिक परामर्श प्रदान गरिन्छ । जब उनीहरू सामाजिक र मानसिक रूपमा तयार हुन्छन् उनीहरूलाई परिवारमा फिर्ता हुनका निम्ति बाटो खर्च र जाने व्यवस्था मिलाइन्छ । यस अवधिमा कूल १,३५९ जना वैदेशिक रोजगारीबाट फर्केका महिला कामदारहरूलाई सुरक्षित आवास गृहमा सहायता प्रदान गरिएको थियो । यस्ता महिलाहरू प्रमुख गरि झापा, मोरङ, सुनसरी, नवलपरासी, रूपन्देही, सिन्धुपाल्चोक गरि कूल ६४ जिल्लाका थिए ।

यस्तो सुरक्षित आवास गृहले पीडित महिलाहरूलाई जीवनको सबैभन्दा कठिन अवस्थामा सहयोग गर्नु धेरै नै सहायक हुन्छ । यसरी सञ्चालित सुरक्षित आवास गृहमा महिलाहरूको आधारभूत आवश्यकताको राम्रोसँग हेरचाह गरिएको थियो । आवास गृहमा विक्षिप्त अवस्था सामना गर्न महिलाहरूलाई आवश्यक मार्ग निर्देशन, प्रोत्साहन र बल प्रदान गरियो । यस्ता सहयोगले उनीहरूको मानसिक तथा शारिरिक स्वास्थ्यमा सुधार आएको पाईयो । फलस्वरूप, उनीहरूलाई परिवारसँग पुनर्मिलन गराईयो ।

## २.६ वित्तीय साक्षरता

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूले आ.व. २०७३/७४ मा कूल ६९९ अर्ब नेपाली रूपैयाँ आफ्नो घरपरिवारमा पठाएका थिए । यो रकम देशको कूल गार्हस्थ उत्पादनको करिब एक चौथाई भाग हुन आउँछ । धेरै घरपरिवारको लागि आवश्यक पर्ने दैनिक खर्चहरू ब्यहोर्न विप्रेषण एउटा मुख्य आयको स्रोत हो । ५६ प्रतिशत भन्दा बढी नेपाली घरधुरीले विप्रेषण प्राप्त गर्दछन् । विप्रेषणको सही सदुपयोग गर्ने निर्णय लिन आवश्यक ज्ञानको कमी छ । उनीहरूसँग पारिवारिक बजेट योजना बनाउने, आय ब्ययको हिसाब राख्ने, नियमित बचत गर्न आवश्यक ज्ञान तथा सीपको अभाव छ । विप्रेषण प्राप्त गरेपछि यसको उपयोग कसरी गर्ने भन्ने बारेमा वैदेशिक रोजागारीमा जानु पूर्व धेरै कम व्यक्तिहरूले मात्र पारिवारिक छलफल गर्ने गर्छन् । जसले गर्दा वैदेशिक रोजगारमा रहेका व्यक्ति तथा परिवार खासगरि श्रीमान् श्रीमती बीच तनाव तथा शंका उत्पन्न हुन्छ ।

सामी परियोजनाले नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को सहकार्यमा वित्तीय साक्षरता सम्बन्धी पाठ्यक्रम विकास गरेको छ । यस पाठ्यक्रमका कक्षाहरू स्थानीयस्तरमा स-साना समूहहरु बनाई समूहमा प्रदान गरिन्छ । यस तालिमले वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरू खासगरि महिला सदस्यहरूलाई विप्रेषणको ब्यवस्थापन र सही वित्तीय निर्णय लिनको लागि क्षमता विकास गर्न सहयोग गर्दछ ।

परियोजनाले वित्तीय साक्षरता तालिम सन् २०१४ देखि नमूना कार्यान्वयनको रूपमा खोटाङ, सुनसरी, रामेछाप, सर्लाही, नवलपरासी बर्दघाट सुस्ता (पूर्व) र कैलाली गरि ६ वटा जिल्लामा सञ्चालन गरेको थियो । यस वित्तीय साक्षरता तालिमलाई आठ महिनाको अवधि भित्र उपलब्ध गराउने गरि २८ कक्षाहरूमा विभाजन गरिएको थियो । यी कक्षाहरूको विषयवस्तुमा वित्तीय ब्यवस्थापनका शिद्धान्त र उद्देश्यहरू, घरायसी र पारिवारिक बजेट निर्माण, आम्दानी खर्च, स्रोतको खोजी तथा विप्रेषण ब्यवस्थापन र बचत, वित्तीय सेवाहरूको प्रकार, वित्तीय सेवा प्रदायक संस्थाहरूको प्रकार, उद्यमशिलता, ब्यवसायिक योजना, ऋण, जोखिम ब्यवस्थापन र उपायहरू समावेश गरिएका छन्। वित्तीय साक्षरता सम्बन्धी विशेषज्ञता हासिल गरेका स्थानीय सेवा प्रदायक संस्थाहरू मार्फत स्थानीय तहमा यस्ता तालिमहरू उपलब्ध गराइएको थियो । आवश्यकता अनुसार व्यक्तिगत र घरायसी भेटघाट सहित सामूहिक रूपमा वित्तीय साक्षरताका कक्षाहरू सञ्चालन गरिएका थिए । त्यसैगरि तालिममा प्राप्त गरेका ज्ञान तथा सीपलाई ब्यवहारमा उतारिएको कुरा सुनिश्चित गर्न सहजकर्ताहरू नियमित रूपमा घर भेटघाटमा जानुपर्ने ब्यवस्थालाई तालिमको एउटा महत्वपूर्ण पाटोको रूपमा समेटिएको थियो ।

यस्तो तालिम २८ वटा मोड्यूलमा आठ महिनासम्म सञ्चालन भएको थियो । यस तालिममा प्रमुख रूपले वित्तीय व्यवस्थापनको सिद्धान्त र उद्देश्य, घरायसी बजेट र खर्च, रेमिट्यान्स व्यवस्थापन, बचत, वित्तीय संस्थाहरूको सेवाका प्रकारहरू, उद्यमशीलता, व्यापारिक योजना, ऋण र जोखिम व्यवस्थापन आदि जस्ता प्रमुख विषयवस्तु समावेश गरिएको छ । यस्ता तालिमहरू सोझै गाउँमा स्थानीय गैरसरकारी साझेदारहरूको सञ्जालले सञ्चालन गर्दछ । यसमा सर्वप्रथम सामूहिक छलफल र त्यसपछि (आवश्यक

परेमा) व्यक्तिगत सहायता गरिने गरिन्छ । तालिमको कार्यक्रम पछि सहजकर्ताहरू नियमित भेटघाटमार्फत् सम्पर्कमा रहन्छन् जसले गर्दा तालिमका सहभागीले तालिममा प्राप्त गरेका ज्ञान कार्यान्वयनमा अभ्यास गर्न सकुन् ।

## २.६.१ मुख्य उपलब्धी

वित्तीय साक्षरता कार्यक्रम शुरू भए देखि सन् २०१८ जुलाईसम्मामा परियोजना अन्तर्गत ५,०७३ जना व्यक्तिहरूलाई निर्दिष्ट पाठ्यक्रममा आधारित वित्तीय साक्षरता कक्षा उपलब्ध गराइएको थियो । तालिम समाप्त भएको एक वर्ष पछि गरिएको तालिमको उपलब्धी मूल्याङ्कनले उत्साहित हुने नतिजाहरू प्राप्त भएको कुरा देखाएको छ ।

### राम्रो घरायसी वित्तीय ब्यवस्थापन

अध्ययनको तथ्याङ्क अनुसार करिब ७४ प्रतिशत सहभागीले तालिम पश्चात् घरायसी आम्दानी खर्चको विवरण लेखेर राखेको पाइयो । त्यस्तैगरि ६७ प्रतिशत सहभागीको घरपरिवारले घरायसी बजेट बनाएका थिए ।

### बचतमा उल्लेख्य वृद्धि

तालिममा सहभागी हुनु भन्दा अघि १३ प्रतिशत सहभागीले मात्र नियमित बचत गर्ने गरेका थिए भने तालिम पश्चात् ६३ प्रतिशत सहभागीहरूले नियमित बचत गरेका थिए । यसरी गरिएको बचतको दरमा २५ प्रतिशतले बढोत्तरी भएको थियो र औसतमा ६३७ रूपैंया बाट रू ८१० रूपैंयाको दरले बचत गरेको पाईयो । तालिम सम्पन्न भएको एक वर्ष पछि गरिएको मूल्याङ्कन अध्ययनले बचत बढ्ने दर कायम रहेको देखाएको छ ।

### बचतमा भएको वृद्धि र बचत रकम

| बचतको प्रकार | तालिम पूर्व | तालिम पश्चात् | वृद्वि प्रतिशत |
|---|---|---|---|
| नियमित बचत (%) | १२.५२ | ६६.९२ | ५४.४ |
| बाल बचत औसत रकम[७] | १०.०१ | २५.०१ | १५ |
| औसत बचत रकम | ६३७.६ | ८१०.७६ | २७.१५ |

स्रोतः अनुगमन तथ्याङ्क (२०१५-२०१७)

### औपचारिक तथा अनौपचारिक वित्तीय संस्थामा पहुँच वृद्धि

तालिमप्राप्त गरेका सबैजसो सहभागीले बैंक, लघुवित्त संस्था वा सहकारी संस्थामा खाता खोलेको पाइयो । उदाहरणको लागि वित्तीय साक्षरता तालिम लिनु पूर्व १२ प्रतिशत सहभागीले बचत गर्ने गरेकोमा तालिम पश्चात् ५७ प्रतिशत सहभागीले लघुवित्त संस्थामा बचत शुरू गरेका थिए ।

तलको तालिकाले वित्तीय साक्षरता तालिम लिनुपूर्व र पश्चात् घरायसी खर्चको हिसाव किताब राख्ने दरमा भएको वृद्धिलाई दर्शाउँछ । (६ वटा जिल्लाका २,१४२ जना मध्ये)[८]

### वित्तीय साक्षरता कक्षाले ल्याएको परिवर्तन, घरायसी खर्चको हिसाब किताब राख्ने प्रतिशत

| जिल्लाहरू | वित्तीय साक्षरता कक्षा पूर्व | वित्तीय साक्षरता पश्चात | बढेको % |
|---|---|---|---|
| कैलाली | ६.२२ | ९५.९८ | ८९.६ |
| खोटाङ | ६.४७ | ७६.९२ | ७०.४५ |
| नवलपरासी बर्दघाट सुस्ता पूर्व | १२.५८ | ८६.७५ | ७४.१७ |
| रामेछाप | १३.९७ | ९३.०१ | ७९.०४ |
| सर्लाही | २८.०८ | ७२.३५ | ४४.२७ |
| सुनसरी | ४५.०४ | ७५.९४ | ३०.९ |

[७] बाल बचत भन्नाले बालबालिकाको लागि निश्चित समय अवधि जस्तै साप्ताहिक वा मासिक रूपमा गरिने बचतलाई बुझाउँछ ।
[८] वित्तीय साक्षरता कार्यक्रमको मूल्याकंन प्रतिवेदन अक्टोबर २०१७

### महिला सशक्तिकरण

वित्तीय ब्यवस्थापन गर्ने क्षमतामा भएको वृद्धिले घरपरिवार भित्र महिलाहरूको निर्णय लिन सक्ने भूमिकालाई सवलीकरण गरेको छ । साथै महिलाहरूले दैनिक खर्चको लागि अन्य व्यक्तिसँग आश्रित हुनुपर्ने ब्यवहारलाई घटाएको छ । त्यसैगरि महिलाहरूको सामाजिकसम्मान बढेको र सशक्तिकरणमा सुधार आएको छ । बजेट योजना तथा वित्तीय स्रोतको उचित ब्यवस्थापन मार्फत आफ्नै बचतमा स्वामित्व बढेपछि आफू सुरक्षित भएको महशुस गरेका छन् र परिवारका अन्य सदस्यहरूमा कम निर्भर भएका छन् । विशेषगरि तिनीहरूका श्रीमान्सँग घरायसी र व्यक्तिगत खर्चका लागि भरपर्नु पर्ने अवस्थालाई घटाएको छ ।

### पारिवारिक सम्बन्धमा सुधार

विप्रेषणको उच्चतम सदुपयोग कसरी गर्ने भन्ने विषयमा परिवारका सदस्यहरू बीच सरसल्लाह र छलफल हुनाले परिवारका सदस्यहरू बीच र विदेशमा रहने व्यक्ति बीच पनि आपसी विश्वास बढाएको छ । साथै यसले सहभागितामूलक निर्णय गर्ने परिपाटीलाई बढावा दिएको छ । विशेषगरि वैदेशिक रोजगारीमा रहेका व्यक्तिका श्रीमतीहरूले घरायसी रूपमा भएको आम्दानी खर्चको मुख्य हरहिसाब पारदर्शी तरिकाबाट बुझाउन सक्षम भएका छन् । जसले गर्दा परिवारका सदस्यहरू बीच आपसी विश्वास र समझदारीलाई बढाएको छ ।

### सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना वृद्धि

वैदेशिक रोजगारीमा जाँदा हुने फाईदा बेफाइदा तथा सुरक्षित रूपमा वैदेशिक रोजगारीमा जानका लागि आवश्यक वैधानिक प्रक्रियाहरू प्रदान गर्ने एउटा अवसरको रूपमा वित्तीय साक्षरता तालिमलाई प्रयोग गरिएको छ । यसले सुरक्षित वैदेशिक रोजगारीको लागि वैदेशिक रोजगारी सम्वन्धी कागजपत्रहरूको महत्वका बारेमा सूचनामा पहुँच अभिवृद्धि गरेको छ । त्यसैले वैदेशिक रोजगारमा रहेका घरपरिवारले सुरक्षित वैदेशिक रोजगारीको प्रक्रियामा गरिने ब्यवहारलाई अंगालेका छन् । जस्तै वैदेशिक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरूले वैदेशिक रोजगारी सम्बन्धी महत्वपूर्ण कागजातहरू सुरक्षित रूपमा राख्न थालेका छन् ।

तलको तालिकाले वित्तीय साक्षरता कक्षा पूर्व र पश्चात् वैदेशिक रोजगारीमा गएका व्यक्तिसँग सम्बन्धित कागजातहरू सुरक्षित रूपमा राख्ने प्रवृत्तिलाई दर्शाउँछ । (विवरण संकलन गरिएको संख्या २,७८७)[९]

### सुरक्षित वैदेशिक रोजगारी को अभ्यास वित्तीय साक्षरता कक्षाको योगदान घरपरिवारले मुख्य कागजपत्रको प्रतिलिपि राख्ने प्रतिशत

| जिल्लाहरू | वित्तीय साक्षरता कार्यक्रम पूर्व | वित्तीय साक्षरता कार्यक्रम पश्चात | वृद्धि प्रतिशत |
|---|---|---|---|
| कैलाली | २४.६६ | ५६.०६ | ३१.०४ |
| खोटाङ | १.६१ | ४२.९१ | ४१.३ |
| नवलपरासी बर्दघाट सुस्ता पूर्व | ११.७२ | ६८.०७ | ५६.३५ |
| रामेछाप | ३८.७६ | ७१.०१ | ३२.२५ |
| सर्लाही | २०.०० | ६०.४४ | ४०.४४ |
| सुनसरी | ५२.६२ | ८६.४४ | ३३.८२ |

### आयमूलक क्रियाकलापहरुको शुरुवात

योजना बनाउन सक्ने क्षमता तथा बचत रकममा वृद्धि भएपछि धेरै सहभागीहरूले नयाँ ब्यवसायहरू जस्तै घरायसी तथा ब्यवसायिक प्रयोजनका लागि कृषि सम्बन्धी उत्पादनमा लगानी गर्न थालेका छन् । घरायसी खर्चका लागि वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा भर पर्नुपर्ने महिलाहरू भविष्यको लागि विप्रेषणको बचत गर्न सकियोस भनेर आफैंले पनि कमाउनु पर्छ भनेर उत्प्रेरित भएका छन् । साना ब्यवसाय तथा उद्यम जस्तैः तरकारी खेती, बाख्रा पालन, कुखुरा पालन आदि ब्यवसायहरू गरि कक्षामा सहभागी भएका ४४ प्रतिशत महिलाहरूले आफैंले आम्दानी शुरू गर्न सफल भएका छन् । यसबाट उनीहरूको घर खर्च धान्नको लागि सहयोग पुगेको छ ।

[९] वित्तीय साक्षरता कार्यक्रमको मूल्यांकन प्रतिवेदन अक्टोबर २०१७

## सञ्चार खर्चमा कमी

वित्तीय साक्षरताका सहभागीहरूलाई थोरै खर्च लाग्ने र प्रभावकारी सञ्चार हुने प्रविधिहरू विशेषगरि वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूसँग कुरा गर्ने विषयहरू सिकाइएको छ । कक्षा सञ्चालन भन्दा पूर्व सहभागीहरूले धेरै खर्च लाग्ने गरि फोनबाट सिधा सम्पर्क गर्ने विधि अपनाई वैदेशिक रोजगारीमा रहेका व्यक्तिसँग कुराकानी गर्थे भने तालिम पश्चात् उनीहरूले बजेट कलको प्रयोग गर्ने र थोरै खर्चमा पनि विदेशमा कुरा गर्न सकिने प्रविधिको पहिचान गरेका छन् ।

तालिम सञ्चालन हुनुपूर्व करिब ६३ प्रतिशत सहभागीहरूले विदेशमा मोबाइलबाट सिधा कुरा गर्थे भने तालिम पश्चात् करिव १५ प्रतिशत व्यक्तिहरूले मात्र यो अभ्यासलाई अपनाएको पाइयो । यसैगरि तालिम पूर्व २६ प्रतिशत सहभागीहरूले मात्र इन्टरनेट प्रविधिको प्रयोग गरि कुराकानी गर्ने गरेकोमा यो बढेर ६४ प्रतिशत पुगेको थियो ।

### सफल उद्यमी महिलाले आप्रवासी कामदारलाई वैदेशिक रोजगारी छोड्न प्रेरणा दिइन्

केही अघिसम्म दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाकी ३१ वर्षीय मीना बस्नेत घरायसी काममा डुबिरहन्थिन् । उनको श्रीमान् खड्ग बहादुर बस्नेत विगत १० महिनादेखि मलेसियामा काम गरिरहेका थिए । उनले घरखर्च चलाउन मासिक रू. ४०,००० पठाउँथे जुन उनीहरूको घरखर्चको लागि ठिक्क हुन्थ्यो । बस्नेत परिवारको जिन्दगी ठिकै चलेको थियो । मीना आफ्नो श्रीमान्को अभाव महशुस गर्थिन् ।

उनको श्रीमान् वैदेशिक रोजगारीमा गएको दुई महिना पछि मीना वित्तीय साक्षरता कक्षामा सहभागी भइन् । सुरक्षित आप्रवास परियोजना (सामी) अन्तर्गत चलेको यो कक्षा उनकै गाउँमा सञ्चालन भएको थियो । कक्षामा उनले घरायसी वित्त व्यवस्थापन, बजेटको योजना कसरी बनाउने र कसरी लघु व्यापार, व्यवसाय सञ्चालन गर्ने भन्ने तरिकाको बारेमा जानकारी पाइन् । सात महिनाको कार्यक्रम पछि उनले आफैं पैसा कमाउने र दैनिक आवश्यकताका लागि श्रीमान्को कमाइमा पूर्ण भर पर्न नहुने रहेछ भन्ने विचार गरिन् ।

उनले आफ्नै परिवारको जग्गामा तरकारी खेती र कुखुरा पालन शुरू गरिन् । आजकाल मीना विभिन्न प्रकारका तरकारी खेती गरि प्रति महिना रू. १०,००० देखि रू. १५,०००सम्म आम्दानी गर्छिन् । त्यस अलावा उनी वार्षिक रू. २५,००० देखि ३०,०००सम्मको कुखुरा पनि बेच्छिन् । हाल उनीसँग २८ वटा कुखुरा छन् । उनले तरकारी खेती र कुखुरा पालन गरेर कमाएको पैसाले घरायसी खर्च चलाउन पुऱ्याउँछिन् ।

वित्तीय साक्षरता कक्षामा उनले कसरी खर्च कम गर्ने, कसरी व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण जानकारी प्राप्त गरिन् र त्यसलाई व्यवहारमा ल्याइन् । पहिला उनी श्रीमान्ले पठाएको पैसाबाट केही रकम मात्र जोगाउँथिन् । हाल उनी श्रीमान्ले पठाएको सबै रकम बैंक खातामा जम्मा गर्छिन् ।

मीनाको सफलताको कथा सामीको सञ्चार साझेदार संस्था उज्यालो अनलाइनमा छापियो । उन्को श्रीमान् आफ्नो श्रीमतीको सफलताको कथा सुनेर हर्षित भए । आत्मविश्वासी मीनाले आफ्नो श्रीमान्लाई स्वदेश फर्किएर उनले सुरूवात गरेको तरकारी खेती र कुखुरा पालन व्यवसायलाई सँगै मिलेर माथि लैजाने कुरा बताइन् । यसले गर्दा उनको श्रीमान्ले हाल वैदेशिक रोजगारबाट कमाएको बराबर आम्दानी गर्न सकिनेछ भन्ने पनि खड्ग बहादुरलाई सुझाइन् । आफ्नो श्रीमतीको कुरामा सहमत भएका खड्ग बहादुर मलेसियामा एक वर्षको वैदेशिक रोजगारको समयावधि सकेर दुई महिनापछि स्वदेश फर्कन सहमत भए ।

यो कुरा थाहा पाए पछि मीनाले खुसी हुँदै भनिन् : यदि हामीहरू दुवैजना निरन्तर मिहिनेत गरेर केही वर्ष काम गऱ्यौ भने, उहाँले हाल कमाएको भन्दा धेरै नै कमाउन सकिन्छ । सबैभन्दा ठूलो कुरा हाम्रो परिवारसँगै हुन्छ । म उहाँ फर्कने समय कुरिरहेको छु ।

### २.६.२ मुख्य सिकाईहरु

सामी परियोजनाले नमूना परीक्षणको रूपमा सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रम विप्रेषण प्राप्त गर्ने घरपरिवारहरूको वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गर्न सफल सावित भएको छ । यसैगरि यस कार्यक्रमले विप्रेषण व्यवस्थापनको क्रममा आउन सक्ने पारिवारिक तनाव तथा द्वन्द घटाउन सहयोग पुऱ्याएको छ । यस कार्यक्रमलाई भविष्यमा विस्तार गर्दा निम्न कुराहरूमा ध्यान दिनु आवश्यक हुन्छ -

#### दिगो नतिजाको लागि सघन तालिम

सामी परियोजनाले प्रवर्द्धन गरेको तालिम करिव आठ महिना अवधिमा सम्पन्न हुनेगरि २८ वटा सत्रहरूमा विभाजित गरिएका छन् । सहभागीहरूको आत्मविश्वास बढाई सिकाईको लागि पर्याप्त समय उपलब्ध गराउन, चिन्तन मनन गर्न, सिकाई परीक्षण गर्न र सिकेका कुराहरूलाई सहजकर्ताहरूको सहयोगमा ब्यवहारिक अभ्यास गर्न यति समयावधि आवश्यक हुन्छ ।

#### सामूहिक कक्षाको साथै व्यक्तिगत अनुशिक्षण

वित्तीय साक्षरता कक्षाको शुरूवाती चरणमा कक्षामा धेरै सहभागीहरूको अनुपस्थिति भएकोले गर्दा परियोजनाले सामूहिक कक्षाको अवधारणालाई परिमार्जन गऱ्यो । कक्षामा सहभागीहरूका सिक्ने क्षमता फरक फरक हुने कुरा महशुस गरि व्यक्तिगत अनुशिक्षण आवश्यक पर्ने सहभागीहरूलाई घर घरमा नै गई व्यक्तिगत अनुशिक्षण दिने अवधारणाको अभ्यास गरिएको छ ।

#### विप्रेषण प्राप्त गर्ने सदस्यको सहभागिता र घरमुलीको सहयोग

वित्तीय साक्षरताको बुझाईलाई बढाउन र वित्तीय साक्षरता कक्षाको लागि सम्पूर्ण परिवारको प्रतिवद्धता सुनिश्चित गर्न परियोजनाले परिवारका सदस्यहरूलाई अभिमुखीकरण प्रदान गर्दछ । यस्ता अभिमुखीकरणले तालिम पश्चात् तालिम सिकाईहरूलाई ब्यवहारमा उतार्न र प्राप्त ज्ञानहरूको प्रयोग गर्न परिवारका सबै सदस्यहरूको सहयोग सुनिश्चित गर्छ । त्यसैले वित्तीय साक्षरताका सिकाईहरूको प्रभावकारिताका लागि विप्रेषण प्राप्त गर्ने सदस्यको तालिममा सहभागी हुनु जति आवश्यक छ, घरमुली तथा परिवारका सदस्यहरूको सहयोग त्यति नै महत्वपूर्ण हुन्छ ।

#### महिला सहजकर्ताको प्रभावकारिता

कसरी कक्षा सञ्चालन गरियो भन्ने कुरालाई हेर्दा कक्षा सञ्चालन गर्ने सहजकर्ताको लैङ्गिक भूमिकाले महत्वपूर्ण अर्थ राख्छ । यसले कतिपय अवस्थामा सहभागी र सहजकर्ताको सम्बन्धलाई प्रगाढ बनाउन पनि मद्दत गर्दछ । यसको महत्वलाई आत्मसाथ गर्दै वित्तीय साक्षरता कक्षामा धेरैजसो महिलाहरू नै सहभागी हुने हुँदा उनीहरूले खुलेर निर्धक्क साथ सिक्ने वातावरण सिर्जना गर्न सघाउ पुऱ्याउन परियोजनाले महिला सहजकर्ताहरूलाई प्राथमिकतामा राखेको छ । साथै, अभिभावकहरूले यदि सहजकर्ता महिला भएको भनी थाहा पाएमा आफ्ना छोरी/बुहारी (महिला) हरूलाई कक्षामा पठाउन सहज महशुस गर्दछन् ।

#### अन्य सेवाहरुको लागि सम्बन्ध स्थापना

तालिम तथा शिक्षाको माध्यमबाट मानवीय तथा वित्तीय क्षमता विकास गर्ने प्रकृयामा सहभागिहरूले अन्य प्रकारका थप सेवा तथा सहयोगको अपेक्षा गर्न सक्छन् । जस्तैः आय आर्जनको लागि आवश्यक सीप तालिम सम्बन्धी कार्यक्रमहरू । तथापि यस परियोजनाले उपलब्ध गराउने वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत आय आर्जन बढाउने विशेष कार्यक्रमहरू समावेश छैनन् तर एउटै क्षेत्रमा सञ्चालनमा रहेका अन्य सम्बन्धित कार्यक्रमहरूसँग यसलाई जोड्न सकिने सम्भावना रहन्छ ।

## २.७ नेपाल सरकारको कार्य प्रणालीलाई सवल बनाउन सहयोग गर्ने

यो परियोजना वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरू र तिनका परिवारहरूलाई वैदेशिक रोजगारीबाट अधिकतम प्रतिफल प्राप्त गराउन नेपाल सरकारको कार्य प्रणाली, सम्बन्धित निकाय, नागरिक समाजहरूलाई प्रत्यक्ष सहयोग गर्नेगरि नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरूप सञ्चालित भएको हो । नेपाल सरकार र नागरिक समाजको संयुक्त सहभागिता परियोजनाको मुख्य विशेषता हो । यसले गर्दा परियोजनाले विकास गरेका असल अभ्यासहरू तथा प्रक्रियाहरूको दिगोपना र अन्य निकायहरूले पनि अवलम्बन गर्ने अवस्था सिर्जना हुन्छ ।

#### नेपाल सरकारको क्षमता अभिवृद्धिमा सहयोग

परियोजना अन्तर्गत सञ्चालन भएका तालिम, गोष्ठी, अन्तरक्रियाहरू, अध्ययन भ्रमण आदिबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतका परियोजनासँग सम्बन्धित कर्मचारीहरूको सेवा प्रवाह सम्बन्धी क्षमतालाई थप विकास गर्न सहयोग पुऱ्याएको छ । सामी परियोजनाको दोस्रो चरणमा दुई प्रकारका कार्यान्वयनको ढाँचा अपनाइएको थियो । एकातर्फ परियोजनाको टिम लिडरको

नेतृत्वमा परियोजना ब्यवस्थापन इकाईको ब्यवस्था गरिएको थियो जसले परियोजनाको समग्र ब्यवस्थापनको जिम्मेवारी बहन गरेको थियो भने अर्कातर्फ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय कायम गर्न मन्त्रालय अन्तर्गत रहने गरि परियोजना समन्वय इकाईको स्थापना गरिएको थियो । दुवै इकाईले राष्ट्रिय तथा जिल्लास्तरका वैदेशिक रोजगारसँग सम्बन्धित कर्मचारी तथा निकायहरूको क्षमता विकासमा सहयोग गरेको थियो ।

## वैदेशिक रोजगारसँग सम्बन्धित नीति तथा प्रक्रियागत सुधारमा सहयोग


वैदेशिक रोजगारमा रहेका कामदारको सुरक्षासँग सम्बन्धित नीति/नियम सुधारका लागि परियोजनाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सहयोग पुऱ्याएको थियो । वैदेशिक रोजगार ऐन संशोधनको प्रक्रियामा विशेषज्ञ सहयोग तथा सुझावहरू पेश गरिएका थिए । उदाहरणको लागि वैदेशिक रोजगार विभागबाट प्रदान गरिने सेवाहरूलाई सहज बनाउन अनलाईन प्रणालीको विकासमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याइएको थियो । परियोजनाका क्रियाकलापहरू स्थानीयस्तरमा सघन रूपमा लागू भएका थिए । समुदायस्तरबाट प्राप्त भएका सिकाई तथा अनुभवहरूलाई सरकारीस्तर तथा नीतिगत वार्तालाप हुने तहसम्म पुऱ्याईएको थियो ।

## सरकारी अधिकारीहरुसँग नागरिक समाजको समन्वय बढाउन सहयोग

सामी परियोजनाले विभिन्न नागरिक समाज सम्वद्ध संस्थाहरूसँग सहकार्य गर्दछ । यो परियोजना सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको एउटा सदस्य पनि हो । सुरक्षित आप्रवासनका लागि आवश्यक सेवाहरू प्रदान गर्न, सरकारी निकायहरूलाई जानकारी दिन, नीतिगत सुधार गर्न नागरिक समाजका साझेदार संस्थाहरूको समन्वयात्मक भूमिकाको लागि परियोजनाले सहयोग गरेको थियो । वैदेशिक रोजगार सुशासन कायम गरि वैदेशिक रोजगारलाई प्रतिफलयुक्त बनाउन, वैदेशिक रोजगार ऐन निर्माण गर्न ठोस सुझावहरू प्रदान गर्नुका साथै ऐनको प्रभावकारी कार्यान्वयनको लागि पनि सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले साझा मञ्चको रूपमा महत्वपूर्ण भूमिका खेलेको थियो । सामी परियोजनाले स्थानीयस्तरमा आप्रवासी कामदार तथा तिनका परिवारहरूको हकहितलाई संरक्षण गर्न आप्रवासी कामदार हकहित सञ्जाल निर्माण गर्न र उनीहरूको क्षमता विकास गर्न सहयोग गरेको छ ।

## वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको सहज सञ्चालनमा सहयोग

वैदेशिक रोजगार सूचना ब्यवस्थापन प्रणालीको सहज सञ्चालन गर्न परियोजनाले सम्वद्ध कर्मचारीहरूलाई सहयोग गरेको थियो । यो प्रणाली सहज रूपमा सञ्चालन हुनुका साथै वैदेशिक रोजगारीसँग सम्वद्ध विभिन्न निकायहरूसँग पनि जोडिएको छ । राहदानी विभाग, अध्यागमन विभाग, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार सेवा प्रदायक कम्पनीहरू, स्वास्थ्य परीक्षण गर्ने संस्था, प्रस्थान पूर्व प्रदान गरिने अभिमूखीकरण प्रदान गर्ने संस्था, बीमा कम्पनीहरू र बैंकहरू यस प्रणालीमा आवद्ध भएका छन् । यस प्रणालीमा सम्बद्ध वैदेशिक रोजगार विभागका कर्मचारीहरूको निरन्तर क्षमता विकासमा परियोजनाको संलग्नता रहेको छ । यस नयाँ प्रणालीको बारेमा धेरै भन्दा धेरै व्यक्तिहरूलाई सूचना पुऱ्याउन परियोजना लागिपरेको छ ।




वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली www.dofe.gov.np

### २.७.१ मुख्य उपलब्धीहरु

वैदेशिक रोजगार विभाग अन्तर्गत वैदेशिक रोजगार सूचना ब्यवस्थापन प्रणालीको स्थापना गरिएको छ । यस प्रणालीमा श्रम स्वीकृतिको विद्युत्तीय विवरणहरूको ब्यवस्थापन तथा दस्तावेजीकरण, व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति, पूनःश्रम स्वीकृति, अनलाईन बीमा, प्रस्थान पूर्वको विवरण राख्ने, स्वास्थ्य परीक्षणको प्रमाणपत्र र वैदेशिक रोजगार बोर्ड अन्तर्गतको कल्याणकारी कोषमा अनलाइन बैंकिङ मार्फत रकम जम्मा गर्ने जस्ता सेवाहरू समेटिएका छन् । यो प्रणालीले वैदेशिक रोजगार ब्यवसायीहरूलाई समेत अनलाईन सेवामा आवद्ध गरेको छ । यसले गर्दा वैदेशिक रोजगारीमा रहेका कामदार साथै समग्र वैदेशिक रोजगारको ब्यवस्थापनमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । वैदेशिक रोजगारमा रहेका कामदार पुनः श्रमस्वीकृतिको लागि नेपाल आउनु पर्ने बाध्यता हटेको छ । यस प्रणाली स्वचालित रूपमा सञ्चालन हुने हुँदा सेवाग्राहीहरूले धेरै कर्मचारीहरूसँग पुग्न नपर्ने अवस्था सिर्जना गर्नुका साथै भ्रष्टाचार हुने सम्भावनालाई समेत घटाएको छ । यस प्रणालीले आवश्यक सबै कागजपत्रहरूको दस्तावेजीकरण सुनिश्चित गर्नुका साथै यी कागजपत्रहरू विद्युत्तीय रूपमा सँग्रहित गर्दछ। भविष्यमा वैदेशिक रोजगारीमा भएका ठगी तथा अन्य समस्याहरूको अनलाईन मार्फत उजुरी गर्ने ब्यवस्था समेत उपलब्ध गराउने छ । यसले न्यायमा पहुँचको लागि सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

यदि वैदेशिक रोजगारीका सिलसिलामा पीडित भएका व्यक्तिहरूलाई चुस्त तथा प्रभावकारी न्याय प्रदान गर्ने हो भने वैदेशिक रोजगार ऐनमा समय सापेक्ष परिमार्जन हुनु जरूरी छ । समस्याको समाधान प्रक्रिया छिटो तथा कम खर्चिलो हुनुपर्छ । न्यायिक निकायहरूको क्षमता विकास गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । त्यसैले सामी परियोजनाले ऐनको संशोधनका लागि विषयगत विज्ञता तथा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । सन् २०१८ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ऐन संशोधनको लागि कार्यदल गठन गरेको थियो । संघीयता लागू भएको परिवर्तित परिप्रेक्ष्यमा निश्चित सेवाहरूको विकेन्द्रिकरण र विस्तार हुनु पर्नेछ ।

स्थानीय सरकार सञ्चालन ऐनको तर्जुमा गर्दा वैदेशिक रोजगारीका विषयहरूलाई समेट्नका लागि सामी परियोजनाको अनुभवहरू उपयोगी भएका थिए । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलई सूचना केन्द्रहरूको स्थापना तथा सञ्चालन, सीपमूलक तालिम प्रदान गर्ने, वित्तीय साक्षरता कार्यक्रम, रोजगार, बेरोजगार तथा वैदेशिक रोजगारीमा रहेका युवाहरूको तथ्याङ्क संकलन र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सामाजिक पुनर्एकिकरण जस्ता नेतृत्वदायी भूमिका तथा जिम्मेवारीहरू प्रदान गरेको छ । यी नयाँ भूमिका तथा जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा बहन गर्न स्थानीय सरकारहरूको पर्याप्त क्षमता अभिवृद्धि हुनु तथा आवश्यक वित्तीय स्रोतको उपलब्धता आवश्यक हुन्छ । वैदेशिक रोजगारीसँग सम्बन्धित सेवाहरूलाई संघीय मर्म अनुरूप विस्तार गर्नु सामी परियोजनाको आगामी प्राथमिकता हुनेछ ।

### २.७.२ मुख्य सिकाईहरु

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयभित्र परियोजना समन्वय इकाईको स्थापना गरिएकोले वैदेशिक रोजगार सम्बन्धी विषयहरूमा मन्त्रालय अन्तर्गतका सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्नुका साथै स्वामित्व ग्रहण गर्न उपयोगी भएको छ । परियोजना समन्वय इकाई परियोजनालाई सहज रूपमा सञ्चालनको लागि आवश्यक पर्ने नयाँ विधि तथा प्रक्रियाहरू विकास तथा सजिलोसँग परीक्षण गर्न सहायक सिद्ध भएको छ ।

#### संघीयता

संघीयताको प्रक्रिया लागू भए सँगै अन्य थुप्रै जिम्मेवारीहरूका साथै वैदेशिक रोजगारसँग सम्बन्धित जिम्मेवारीहरू पनि स्थानीय सरकारहरूमा हस्तान्तरण भएको छ । यसले वैदेशिक रोजगार सुशासन कायम गर्न विभिन्न तहका सरकारहरूलाई जिम्मेवार बनाएको छ । परिवर्तित संरचना अनुसार वैदेशिक रोजगारसँग सम्बन्धित विषयहरूको जिम्मेवारी बहन गर्न विभिन्न तहका सरकारहरूलाई सामी परियोजनाले सहयोग गर्नेछ ।

#### सेवा तथा संयन्त्रको विकेन्द्रिकरण र अधिकार प्रत्यायोजन

नेपाल संघिय संरचनामा गइसकेको परिप्रेक्ष्यमा वैदेशिक रोजगारी सम्वन्धी सेवाहरूलाई विकेन्द्रिकरण गर्नुका साथै यस सम्वन्धी संयन्त्रहरूमा अधिकार प्रत्यायोजन गर्न ढिलो भैसकेको छ । यसका लागि सबै तहमा समन्वय तथा सहकार्य स्थापना गर्न सामी परियोजनाले सहयोग गर्नेछ ।

## २.८ नीतिगत सम्वाद

सामी परियोजनाले प्राप्त गरेको अनुभवको आधारमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय तहमा रहेका सम्बन्धित संघसंस्थाहरूलाई विद्यमान नीतिगत प्रावधानहरू र त्यसमा आवश्यक सुधारका लागि सक्रिय रूपमा जानकारी गराउन लागि परेको छ ।

स्थानीयस्तरमा रहेका सम्बन्धित सरोकारवालाहरूलाई परियोजनाले जानकारी प्रदान गर्नुका साथै सहयोग गर्छ । यी सरोकारवाला संस्थाहरूमा नागरिक समाज सम्बद्ध आप्रवासी हकहित संरक्षण मञ्च जस्ता संस्थाहरू पनि पर्दछन् । वैदेशिक रोजगार सम्बन्धी मुद्दा तथा विषयहरूलाई स्थानीय तहको छलफलमा समावेश गर्न र योजना तर्जुमाको प्रक्रियामा समावेश गर्न यस्ता नागरिक समाज सम्वद्ध सञ्जालहरूले स्थानीय सरकारहरूको ध्यानाकर्षण गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । सामी परियोजनाले संस्थागत क्षमता अभिवृद्धि, संञ्जाल विस्तार र निजी तथा संस्थागत सरोकारवालाहरूसँग अन्तरक्रियाको माध्यमबाट वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू रहेको १० वटा सञ्जालहरूलाई सहयोग गरेको छ । परिणामस्वरूप यस्ता सञ्जालहरू आफ्ना प्राथमिकताहरूको उजागर गर्न सफल भएका छन् । साथै निष्पक्ष भर्ना प्रणाली देखि वैदेशिक रोजगार सम्बन्धित सेवाहरूको विकेन्द्रिकरणसम्मका विषयहरूमा आवाज उठाउँदै नीतिगत परिवर्तनको लागि राष्ट्रिय तथा स्थानीय तहसम्म आवाज उठाउन पनि सक्षम भएका छन् । त्यसैगरि, सरकारका नीति नियमहरू जस्तै निःशुल्क भिषा तथा टिकट लागू गराउन र त्यो लागू भए नभएको अनुगमन गर्न वैदेशिक रोजगारसँग सम्बद्ध सरोकारवालाहरूसँग सम्पर्कमा रहन्छन् ।

राष्ट्रियस्तरमा, सरकारी निकाय तथा वैदेशिक रोजगार ब्यवसायसँग सम्बद्ध निकायहरूसँग नीतिगत विषयमा छलफल अन्तरक्रिया गर्न परियोजनाले आफ्नो राष्ट्रिय साझेदार संस्थाहरूलाई सहयोग गर्छ । सामी परियोजना वैदेशिक रोजगारी सम्बन्धी काम गर्ने विभिन्न नागरिक समाजका सरोकारवाला संस्थाहरूलाई एकीकृत गर्ने सञ्जाल, सुरक्षित आप्रवासका लागि राष्ट्रिय सञ्जालको एक सक्रिय सदस्य हो । वैदेशिक रोजगारीको सुशासनको लागि जानकारीहरू आदान प्रदान गर्ने तथा आवश्यक समन्वय गर्नको लागि यो सञ्जाल एक महत्वपूर्ण मञ्च हो ।

अन्तर्राष्ट्रियस्तरमा सामी परियोजनाले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरका विभिन्न मञ्च जस्तै ग्लोबल फोरम अन माइग्रेशन एण्ड डेभलपमेन्ट (GFMD) मा भाग लिएको छ । यी फोरमहरूले परियोजनाका सिकाईहरू साटासाट गर्न अवसर प्रदान गरेको छ । दिगो विकास लक्ष्यसँग सम्बन्धित वैदेशिक रोजगारीका विषयहरूमा छलफल हुँदा परियोजनाले प्राप्त गरेका अनुभवहरू उपलब्ध गराएको थियो । त्यसैगरि वैदेशिक रोजगारी र विकास सम्बन्धी अन्य अन्तर्राष्ट्रिय छलफलहरूको तयारीमा पनि सहयोग गरेको थियो ।

## २.८.१ मुख्य उपलब्धीहरु

सामी परियोजनाले तथ्यमा आधारित भई नीतिगत सम्वादमा गरेको प्रयासले राष्ट्रिय तथा स्थानीयस्तरमा उपलब्धीहरू हासिल भएका छन् । राष्ट्रियस्तरमा सामी परियोजनालाई १९ जिल्लाबाट ३९ जिल्लामा विस्तार गर्न नेपाल सरकारले ४ वर्ष अवधिको लागि करिव रू ५७ करोड रकम उपलब्ध गराउने प्रतिवद्धता जाहेर गरेको छ । सामी परियोजनाले अवलम्बन गरेका कार्यान्वयन शैली तथा प्रक्रियाहरूलाई नेपाल सरकारले पनि स्वीकार गर्नु परियोजनाको एउटा महत्वपूर्ण उपलब्धी हो । सामी परियोजना लागू भएको धेरैजसो जिल्लाहरूका स्थानीय सरकारहरूले सुरक्षित वैदेशिक रोजगारीसँग सम्बन्धित विषयहरूलाई प्राथमिकतामा राख्न शुरू गरेका छन् । आगामी वर्षका लागि सुरक्षित आप्रवासन कार्यक्रमहरू सम्पन्न गर्न स्थानीय सरकारहरूले कूल रू. २८,६५२,००० रकम बिनियोजन गरेका छन् । यो रकम सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा जानकारीहरू प्रवाह गरि सचेतना अभिवृद्धि गर्न तथा वैदेशिक रोजगारीका क्रममा पीडित भएका व्यक्तिहरू तथा घरपरिवारहरूलाई सहयोग गर्न खर्च गरिनेछ ।

## २.८.२ मुख्य सिकाईहरु

सामी परियोजना समुदायको तल्लोस्तरसम्म उपस्थित भएकोले यसले तथ्यमा आधारित नीति निर्माण र यसको कार्यान्वयन गर्नको लागि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । सामी परियोजनाले उल्लेख्य रूपमा सुरक्षित आप्रवासनको क्षेत्रमा काम गर्ने हुँदा यस क्षेत्रको सुधारका लागि आवश्यक पर्ने असल अभ्यासहरू र समुदायस्तरको वास्तविक आवश्यकता पहिचान गर्न सहयोग गर्छ । परियोजना कार्यान्वयनबाट प्राप्त अनुभवहरूलाई बृहत् रूपमा फैलाउन र विषयगत क्षेत्रको कार्यान्वयन र समन्वय गर्न सामाजिक संस्था तथा नागरिक समाजसँग सञ्जाल विस्तारले निरन्तरता पाउनेछ । वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा घरपरिवारको हक अधिकारको रक्षा गर्न र वैदेशिक रोजगार सम्बन्धी नियम कानूनको प्रभावकारी कार्यान्वयनका लागि आप्रवासी हकहित संरक्षण सञ्जालको स्थापना र परिचालनले सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा दिगो परिवर्तन गरि सुशासन कायम गर्न उपयोगी भएको छ । गन्तब्य मुलुकमा पनि पहुँच अभिवृद्धिका लागि सामी परियोजनाले विभिन्न क्षेत्रसँग सम्बन्ध स्थापना गर्न प्रयास गरिरहेको छ । यसका लागि सामी परियोजनाले दक्षिण एशिया क्षेत्रका अन्य मुलुकहरूलाई पनि सहयोगी हुनसक्ने किसिमका जानकारी तथा तथ्यहरू सिर्जना गरेको छ ।

नेपालको संघीय संरचनाले सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने ऐन, नियमहरूको सुधारका लागि महत्वपूर्ण अवसरको सिर्जना भएको छ । यस सन्दर्भमा सामी परियोजना नेपालको सबै तहका सरकारहरू (संघीय, प्रादेशिक र स्थानीय) सँग सक्रिय साझेदारको रूपमा रहनेछ ।



वैदेशिक रोजगारमा रहेका एक युवककी आमा, छोराले पठाएको विप्रेषणबाट उनले जग्गा जोडेकी छन्

# ३. आगामी कदम

वैदेशिक रोजगार सम्बन्धी विषयमा सुशासन प्रणाली स्थापनाका लागि सामी परियोजनाले नेपाल सरकार, निजी क्षेत्र र नागरिक समाजलाई सहयोग गर्न आफ्ना कार्यक्रमहरूलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिनेछ । यस अन्तर्गत, वैदेशिक रोजगारीलाई सुरक्षित बनाई यससँग सम्बन्धित रहेका व्यक्तिहरू, तिनका परिवारहरू र समग्र राष्ट्रलाई नै वैदेशिक रोजगारीबाट अधिकतम फाइदा पुऱ्याउन परियोजनाले आवश्यक नीति निर्माण र कार्यान्वयनका क्षेत्रमा सहयोग गर्दछ ।

सामी परियोजनाको तेस्रो चरणले (सन् २०१८ देखि २०२२सम्म) सातै प्रदेशका स्थानीय सरकारहरूलाई हजारौंका संख्यामा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको आप्रवासन चक्रलाई सुरक्षित बनाउन सहजिकरण र नियमन गर्न आवश्यक क्षेत्रमा सहयोग पुऱ्याउने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले वैदेशिक रोजगारसँग सम्बन्धित विषयहरूलाई स्थानीय सरकारको जिम्मेवारीको रूपमा समेटेको छ । यी जिम्मेवारीहरूमा वैदेशिक रोजगारीसँग सम्बन्धित विषयहरूको सूचना संकलन, रोजगार सूचना केन्द्रहरूको स्थापना तथा सञ्चालन, वित्तीय साक्षरता र सीप विकासका तालिमहरू र वैदेशिक रोजगारीबाट फर्किने नेपाली युवाहरूलाई नेपालमा नै काम गर्ने वातावरणको सिर्जना गर्ने जस्ता विषयहरू पर्दछन् ।

विभिन्न तहको संघीय संरचनाको उपयोग गर्दै वैदेशिक रोजगारीमा जाने महिला तथा पुरूषहरूको वैदेशिक रोजगारीको चक्र सुरक्षित बनाउन र नेपाली कामदारहरूको अधिकार रक्षाको लागि नेपाल सरकार प्रतिवद्ध रहेको छ । यसको दीर्घकालिन दिगोपनाको प्रत्याभूतिका लागि नेपाल सरकारले यसको पूर्ण स्वामित्व लिई सबै तहमा विस्तार गर्नु आवश्यक हुन्छ । सामी परियोजनालाई देशको सबै भागमा क्रमिक रूपमा विस्तारका लागि विभिन्न तहका सरकारहरूमा आवश्यक पर्ने क्षमता विकास गर्न परियोजनाले सहयोग गर्नुपर्दछ ।

सामी परियोजनाले प्राप्त गरेका अनुभवहरूको दस्तावेजीकरण तथा राष्ट्रिय र क्षेत्रीयस्तरमा आफ्नो अनुभव साटासाट गर्ने विषयलाई निरन्तरता दिनेछ । नेपालबाट वैदेशिक रोजगारीमा हुने आप्रवासन धेरै प्रकारका कारक तत्वहरू र क्षेत्रीयस्तरमा विकास हुने घटनाक्रमले निर्धारण गर्दछन् । नीतिगत छलफल हुने सबै प्रकारका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभाहरूमा आप्रवासन सुशासन र आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूको अधिकार रक्षा गर्न परियोजनाले प्राप्त गरेका सकारात्मक तथा नकारात्मक अनुभवहरूलाई नियमित रूपमा साटासाट गर्नु महत्वपूर्ण हुन्छ ।




जिल्ला प्रशासन कार्यालय मलङ्गवा, सर्लाहीमा राहदानीका लागि आवेदन दिन आएका व्यक्ति

## नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
परियोजना समन्वय इकाई, सुरक्षित आप्रवासन परियोजना (सामी)
सिंहदरबार, काठमाडौं
फोन : +९७७ १ ४२११७३३, ४२११९४२
फ्याक्स : +९७७ १ ४२११८७७
ईमेल : info@moless.gov.np
वेव : www.moless.gov.np

## सुरक्षित आप्रवासन परियोजना (सामी)

धोबिघाट, ललितपुर
पोष्ट बक्सः ६८८ काठमाडौ
फोन : +९७७ १ ५५२१०६३, ५५३७१४८
फ्याक्स : +९७७ १ ५५३११०९
ईमेल : sami.np@helvetas.org
वेव : https://nepal.helvetas.org